# प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६

*मिति २०८२।०४।१९ गतेसम्म भएको संशोधन समेत मिलाइएको।*

आन्तरिक मामिला तथा कानून मन्त्रालय

## बागमती प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

## हेटौंडा, नेपाल।

# प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६

प्रमाणीकरण र प्रकाशन मिति

२०७६।०९।१८

संशोधन गर्ने ऐन

| | |
|---|---|
| १. केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ | २०७७।०४।१६ |
| २. केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ | २०७९।०४।३० |
| ३. प्रदेश आर्थिक ऐन, २०८१ | २०८१।०३।३० |
| ४. प्रदेश औद्योगिक व्यवसाय (दोस्रो संशोधन) ऐन, २०८२ | २०८२।०४।१९ |

संवत् २०७६ सालको ऐन नं. २०

## प्रदेशभित्र औद्योगिक व्यवसाय स्थापना तथा सञ्चालन गर्न बनेको ऐन

**प्रस्तावनाः** प्रदेशभित्र उपलब्ध मानवीय, वित्तीय, प्राकृतिक तथा भौतिक स्रोत र साधनको दिगो तथा समुचित उपयोग, लगानीमैत्री वातावरणको सृजना, मर्यादित रोजगारीका अवसरमा अभिवृद्धि, वातावरण मैत्री, स्व-आत्मनिर्भर उद्यम तथा उद्यमशीलताको विकास गरी परिमाणात्मक र गुणात्मक रूपमा उत्पादकत्व वृद्धि, औद्योगिक विकास, स्वस्थ प्रतिस्पर्धामा आधारित, दिगो तथा आत्मनिर्भर अर्थतन्त्रको निर्माण गरी मुलुकको समृद्धिका लागि नयाँ कानून तर्जुमा गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद- १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६" रहेको छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "उद्योग" भन्नाले व्यवसायिक उद्देश्यले कुनै माल, वस्तु उत्पादन, जडान, स्वरुप परिवर्तन, निर्माण, प्रशोधन तथा पुनः प्रशोधन गर्ने र सेवा प्रदायक उद्यम गर्ने कार्यलाई जनाउँछ। सो शब्दले दफा १५ बमोजिम वर्गीकरण गरिएको उद्योग समेतलाई जनाउँछ।

♣(ख) "उद्योग दर्ता गर्ने निकाय" भन्नाले दफा १५क. बमोजिमको उद्योग दर्ता गर्ने सम्बन्धित निकाय वा स्थानीय तह सम्झनु पर्छ।

⋆(ग) "कार्यालय" भन्नाले लघु उद्यम, घरेलु उद्योग, साना उद्योग, मझौला उद्योग र वाणिज्य सम्बन्धी विषय हेर्ने कार्यालय सम्झनु पर्छ।

(घ) "घरेलु उद्योग" भन्नाले दफा १५ को उपदफा (१) को खण्ड (ख) बमोजिमको उद्योग सम्झनु पर्छ।

(ङ) "ठूला उद्योग" भन्नाले दफा १५ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको उद्योग सम्झनु पर्छ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(छ) "निर्यातमूलक उद्योग" भन्नाले आफ्नो उत्पादनको कम्तीमा साठी प्रतिशत निर्यात गर्ने उद्योग सम्झनु पर्छ।

---

♣ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

⋆ दोस्रो संशोधनद्वारा संशोधित।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(ज) "निर्देशनालय" भन्नाले उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सम्झनु पर्छ।

✝(ज१) "परिषद्" भन्नाले दफा ३१ बमोजिम गठित परिषद् सम्झनु पर्छ।

★(ज२) "प्रचलित कानून" भन्नाले सो सम्बन्धी कानून प्रदेशमा भए प्रदेश कानून र नभए सङ्घीय कानून सम्झनु पर्छ।

(झ) "प्रदेश" भन्नाले ◈बागमती प्रदेशलाई सम्झनु पर्छ।

(ञ) "प्रदेश सरकार" भन्नाले ◈बागमती प्रदेश सरकार सम्झनु पर्छ।

(ट) "प्रदेश सभा" भन्नाले ◈बागमती प्रदेशको प्रदेश सभा सम्झनु पर्छ।

(ठ) "प्राथमिकता प्राप्त उद्योग" भन्नाले दफा १७ बमोजिमको उद्योग सम्झनु पर्छ।

(ड) "मझौला उद्योग" भन्नाले दफा १५ को उपदफा (१) को खण्ड (घ) बमोजिमको उद्योग सम्झनु पर्छ।

(ढ) "मन्त्रालय" भन्नाले ◈बागमती प्रदेश सरकारको उद्योग सम्बन्धी काम गर्ने मन्त्रालय सम्झनु पर्छ।

(ण) "लघु उद्यम" भन्नाले दफा १५ को उपदफा (१) को खण्ड (क) बमोजिमको उद्योग सम्झनु पर्छ।

---

✝ दोस्रो संशोधनद्वारा थप।

★ दोस्रो संशोधनद्वारा (ज१) लाई (ज२) कायम गरिएको।

◈ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।



आन्तरिक मामिला तथा कानून मन्त्रालय

(त) “वातावरणीय मूल्याङ्कन” भन्नाले प्रचलित वातावरण संरक्षण सम्बन्धी कानून बमोजिम गरिने वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव सम्बन्धी सूक्ष्म वा वृहत् प्रकृतिका अध्ययन सम्झनु पर्छ।

(थ) “वातावरणीय मूल्याङ्कन प्रतिवेदन” भन्नाले वातावरणीय परीक्षण गरी तयार पारिएको प्रतिवेदन सम्झनु पर्छ।

(द) “विद्युतीय माध्यम” भन्नाले उद्योग दर्ताका समयमा उद्यमीले उल्लेख गरेको आधिकारिक इमेल ठेगानाबाट उद्योग दर्ता गर्ने निकायको आधिकारिक इमेल ठेगानामा वा उद्योग दर्ता गर्ने निकायको आधिकारिक इमेल ठेगानाबाट उद्यमीले उल्लेख गरेको आधिकारिक इमेल ठेगानामा गरिएको माध्यमलाई जनाउँछ।

✝(द१) “विभाग” भन्नाले सङ्घीय कानून बमोजिम स्थापित “उद्योग विभाग” सम्झनु पर्छ।

(ध) ✂.....

(न) “साना उद्योग” भन्नाले दफा १५ को उपदफा (१) को खण्ड (ग) बमोजिमको उद्योग सम्झनु पर्छ।

(प) “स्थानीय तह” भन्नाले गाउँपालिका, नगरपालिका,

---

✝ दोस्रो संशोधनद्वारा थप।

✂ दोस्रो संशोधनद्वारा झिकिएको।

उपमहानगरपालिका, महानगरपालिका सम्झनु पर्छ।

(फ) "स्थिर पुँजी" भन्नाले दफा १६ बमोजिमको सम्पत्ति सम्झनु पर्छ।

## परिच्छेद- २

## उद्योग दर्ता तथा नियमन सम्बन्धी व्यवस्था

३. **उद्योग दर्ता गराउनु पर्ने**: (१) कसैले यस ऐन बमोजिम दर्ता नगराई उद्योगको स्थापना वा सञ्चालन गर्न वा गराउन हुँदैन।

(२) यस ऐन बमोजिम उद्योग गर्न चाहनेले उद्योग दर्ता गर्ने निकायमा दर्ता गराउनु पर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम स्थापना भै सञ्चालनमा रहेका यस प्रदेशभित्र पर्ने उद्योग यस ऐन बमोजिम स्वतः दर्ता भएको मानिनेछ।

(४) उपदफा (२) बमोजिम सञ्चालनमा रहेका उद्योगले उद्योग दर्ता गर्ने निकायमा यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र अभिलेख गरी अद्यावधिक गर्नु पर्नेछ।

(५) सहकारी संस्थाहरुले एकल वा संयुक्त रूपमा उद्योग सञ्चालन गर्न चाहेमा प्राकृतिक व्यक्ति सरह यस ऐनमा उल्लेख भएका उद्योगहरु सञ्चालन गर्न सक्नेछन्।

(६) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि लघु उद्यम र घरेलु उद्योगको हकमा त्यस्तो उद्योग सञ्चालन भएको मितिबाट छ महिनाभित्र उद्योग दर्ता गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

४. **<u>उद्योग दर्ता गर्न निवेदन दिनु पर्ने</u>:** (१) उद्योग दर्ता गर्न तोकिए बमोजिमको विवरण र कागजात सहित तोकिएको ढाँचामा उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिनु पर्नेछ।

(२) उद्योग दर्ताको निवेदन तथा स्वीकृति सम्बन्धी कागजातहरु प्रमाणित गर्दा विद्युतीय हस्ताक्षर समेत मान्य हुनेछ र यस्ता कागजातहरु विद्युतीय माध्यमबाट समेत आदान प्रदान गर्न सकिनेछ।

५. **<u>उद्योग दर्ताको प्रमाणपत्र दिनु पर्ने</u>:** (१) दफा ४ बमोजिम उद्योग दर्ताका लागि परेको निवेदन छानबिन गर्दा आवश्यक विवरण तथा कागजात र यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिमको प्रक्रिया पूरा भएको देखिएमा निवेदन परेको *<u>पाँच दिनभित्र</u> उद्योग दर्ता गर्ने निकायले उद्योग दर्ता गरी तोकिए बमोजिमको ढाँचामा उद्योग दर्ताको प्रमाणपत्र दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम उद्योग दर्ताको प्रमाणपत्र दिँदा अन्य कुराका अतिरिक्त देहायका विवरणहरु समेत त्यस्तो प्रमाणपत्रमा खुलाउनु पर्नेछः-

(क) उद्योग दर्ताको प्रमाणपत्र जारी भएको मिति र दर्ता नम्बर,

(ख) उद्योगको कानूनी स्वरुप, स्तर एवं किसिम,

(ग) उद्योग सञ्चालन हुने स्थानको ठेगाना,

(घ) उद्योगको पुँजी र उत्पादन तथा अन्य क्षमता,

(ङ) उद्योगले व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नुपर्ने अवधि,

---

* दोस्रो संशोधनद्वारा संशोधित।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

♦(ङ१) उद्योगको उद्देश्य,

(च) उद्योगको प्रकृति अनुसार नियमावलीमा तोकिए बमोजिमका शर्तहरु।

(३) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिमको प्रक्रिया पूरा भएको नदेखिएमा उद्योग दर्ता गर्ने निकायले कारण खुलाई अस्वीकृत गर्न सक्नेछ। सोको जानकारी निवेदकलाई सात दिनभित्र दिनु पर्नेछ।

(४) दर्ता प्रमाणपत्रमा उल्लिखित ♣सर्त, विवरण एवं उद्देश्य उद्योगले अनिवार्य रूपमा पालना गर्नु पर्नेछ।

६. **उजुरी गर्न सक्ने**: (१) उद्योग दर्ता गर्ने निकायले दफा ५ को उपदफा (३) बमोजिम उद्योग दर्ता गर्न अस्वीकृत गरेकोमा सो उपर चित्त नबुझेमा त्यसको जानकारी पाएको तीस दिनभित्र मन्त्रालय समक्ष उजुरी दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम उजुरी परेमा मन्त्रालयले आवश्यक छानबिन गरी तीस दिनभित्र सो सम्बन्धमा आवश्यक निर्णय गर्नेछ र मन्त्रालयको निर्णय अन्तिम हुनेछ।

७. **सहमति लिनु पर्ने उद्योग**: (१) अनुसूची- १ बमोजिमका उद्योगले उद्योग दर्ता गर्नु पूर्व उद्योग दर्ता गर्ने निकाय मार्फत ★परिषद्बाट सहमति लिनु पर्नेछ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी लगानी वा विदेशी साझेदारीमा स्थापना गर्न चाहने उद्योगले प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गर्नु पर्नेछ।

---

♦ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थप।

♣ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

★ दोस्रो संशोधनद्वारा संशोधित।



आन्तरिक मामिला तथा कानून मन्त्रालय

(३) *<u>परिषद्ले</u> यस दफा बमोजिम उद्योग दर्ता गर्न सहमति दिने वा नदिने सम्बन्धमा प्रक्रिया पूरा भएको मितिले *<u>पन्ध्र दिनभित्र</u> निर्णय गरी सक्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम *<u>परिषद्बाट</u> सहमति दिने निर्णय भएकोमा त्यस्तो निर्णयको जानकारी प्राप्त गरेको मितिले तीन दिनभित्र उद्योग दर्ता गर्ने निकायले तोकिएको ढाँचामा सहमतिपत्र दिनु पर्नेछ। सहमति नदिने निर्णय भएकोमा सोही व्यहोराको जानकारी निवेदकलाई दिनु पर्नेछ।

(५) सहमति प्राप्त गरेपछि सहमति पत्रमा उल्लेख भएको समयभित्र उद्योग दर्ता गर्नका लागि निवेदन दिनु पर्नेछ।

८. **<u>वातावरणीय मूल्याङ्कन गर्नु पर्ने:</u>** (१) उद्योग दर्ता गर्नु पूर्व वातावरणीय मूल्याङ्कन गर्नु पर्ने भनी उल्लिखित उद्योगले प्रचलित वातावरण संरक्षण सम्बन्धी कानून बमोजिम वातावरणीय मूल्याङ्कन प्रतिवेदन सम्बन्धित निकायबाट स्वीकृत गराएर मात्र स्थापना तथा सञ्चालन गर्नु पर्नेछ।

(२) सम्बन्धित उद्योगले उद्योग स्थापना तथा सञ्चालनका क्रममा स्वीकृत वातावरणीय मूल्याङ्कन प्रतिवेदनमा उल्लिखित विषयको पूर्ण पालना गर्नुका साथै वातावरणमा पर्न सक्ने प्रतिकूल असरको निराकरण गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको व्यवस्था पालना नगरेमा सो उद्योगलाई दर्ता गर्ने निकायले दर्ता खारेज गर्न सक्नेछ।

तर दर्ता खारेज गर्नु अघि वातावरण सम्बन्धी प्रचलित कानून पालना गर्न मनासिव माफिकको समय दिनु पर्नेछ।

* दोस्रो संशोधनद्वारा संशोधित।



आन्तरिक मामिला तथा कानून मन्त्रालय

(४) वातावरणीय मूल्याङ्कन गरी स्थापना भएका दफा २३ बमोजिमको औद्योगिक क्षेत्रभित्र दर्ता हुने उद्योगले वातावरणीय मूल्याङ्कन गर्नु पर्ने छैन।

तर,

(क) रसायन वा रसायनिक पदार्थ उत्पादन गर्ने उद्योगले दर्ता गर्नु पूर्व वातावरणीय मूल्याङ्कन गर्नु पर्नेछ,

(ख) वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा सुझाइएका वातावरणीय प्रभाव न्यूनीकरणका उपायहरु अवलम्बन गर्नु पर्नेछ। नगरेमा उद्योग दर्ता गर्ने निकायले दर्ता खारेज गर्नेछ।

९. **व्यवसाय सम्बन्धी जानकारी दिनु पर्ने:** (१) यस ऐन बमोजिम दर्ता भएको उद्योगले उद्योग दर्ता प्रमाणपत्रमा उल्लेख भएको अवधिभित्र उद्योग सञ्चालन वा आफ्नो व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गरी सोको जानकारी उद्योग दर्ता गर्ने निकायलाई दिनु पर्नेछ र यसरी जानकारी गराउँदा विद्युतीय माध्यमबाट समेत गराउन सकिनेछ।

(२) कुनै उद्योगले उपदफा (१) बमोजिम उद्योग सञ्चालन वा आफ्नो व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्न नसकेमा सोको कारण खुलाई उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित अवधि समाप्त भएको पैंतीस दिनभित्र अवधि बढाउनका लागि उद्योग दर्ता गर्ने निकाय समक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछ। साथै यसरी जानकारी गराउँदा विद्युतीय माध्यमबाट समेत गराउन सकिनेछ।

♣(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त हुन आएमा उद्योग दर्ता गर्ने निकायले आवश्यक जाँचबुझ गर्दा अवधि बढाउने

♣ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

कारण मनासिब देखेमा त्यस्तो उद्योगको सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि तोकिए बमोजिम बढाउनेछ।

(४) उपदफा (३) बमोजिम अवधि बढाइएकोमा सम्बन्धित उद्योगले सो अवधिभित्र उद्योगको सञ्चालन वा आफ्नो व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्नेछ।

(५) उपदफा (२) बमोजिम अवधि बढाउन निवेदन नदिएमा वा उपदफा (१) बमोजिमको अवधि वा उपदफा (३) बमोजिम बढाइएको अवधिभित्र पनि त्यस्तो उद्योगले उद्योग सञ्चालन वा आफ्नो व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ नगरेमा उद्योग दर्ता गर्ने निकायले त्यस्तो उद्योगको दर्ता खारेज ♣<u>गर्नेछ</u>।

(६) उपदफा (५) बमोजिम उद्योगको दर्ता खारेज भएकोमा उद्योग दर्ता गर्ने निकायको अभिलेखमा कारण खुलाई खारेज भएको व्यहोरा जनाई अभिलेख अद्यावधिक गर्नु पर्नेछ।

१०. **<u>अनुगमन गर्ने:</u>** (१) उद्योग दर्ता गर्ने निकाय वा कार्यालयले उद्योगले पालना गर्नु पर्ने मापदण्ड तथा उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तको पालना गरे नगरेको सम्बन्धमा उद्योगको अनुगमन गर्नेछ।

(२) उद्योग दर्ता गर्ने निकाय वा कार्यालयले उपदफा (१) बमोजिमको अनुगमनको सिलसिलामा सम्बन्धित उद्योगबाट कुनै जानकारी वा विवरण माग गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम कुनै जानकारी वा विवरण माग गरेमा त्यस्तो जानकारी वा विवरण उपलब्ध गराउनु सम्बन्धित उद्योगको कर्तव्य हुनेछ। सोको जानकारी उद्योग दर्ता गर्ने निकायलाई विद्युतीय माध्यमबाट गराउन सकिनेछ।

---

♣ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

(४) उपदफा (३) बमोजिम प्राप्त भएको जानकारी वा विवरणबाट त्यस्तो उद्योग सञ्चालनमा कुनै किसिमको समस्या भएको देखिएमा सम्बन्धित उद्योगसँग परामर्श गरी उद्योग दर्ता गर्ने निकाय वा कार्यालयले त्यस्तो उद्योगलाई आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ।

(५) भ्रष्टाचार, शान्ति सुरक्षा तथा कालोबजारी एवं तस्करीको नियन्त्रणसँग सम्बन्धित निकाय बाहेक अन्य निकायले मन्त्रालय वा उद्योग दर्ता गर्ने निकाय वा कार्यालयको अनुमति लिएर मात्र उद्योगको अनुगमन गर्नु पर्नेछ।

(६) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले उद्योग अनुगमनको लागि अधिकार सम्पन्न संयन्त्र निर्माण गर्न सक्नेछ।

**११. उद्योग स्थानान्तरणको लागि स्वीकृति लिनु पर्नेः** (१) कुनै एक ठाउँमा सञ्चालन गर्ने गरी दर्ता भएको उद्योग कुनै कारणले प्रदेशभित्र अन्यत्र स्थानान्तरण गर्नु पर्ने भएमा सोको कारण खुलाई उद्योग दर्ता गर्ने निकाय समक्ष उद्योग स्थानान्तरणका लागि तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा दफा ८ बमोजिम वातावरणीय मूल्याङ्कन गराई उद्योग दर्ता गर्ने निकायले तोकिए बमोजिम उद्योग स्थानान्तरणको स्वीकृति दिन सक्नेछ।

(३) ✂....

(४) ✂.....

---

✂ दोस्रो संशोधनद्वारा झिकिएको।

[✝](५) प्रदेश बाहिर कुनै उद्योगको स्थानान्तरण गर्नु परेमा सम्बन्धित प्रदेशको प्रचलित कानून बमोजिम प्रकृया पुरा गरी सम्बन्धित उद्योग हेर्ने निकायबाट सहमति प्राप्त भएमा दर्ता गर्ने निकायले स्थानान्तरणको स्वीकृति दिन सक्नेछ।

[♦]११क. **उद्योगको पुँजी वृद्धि, क्षमता वृद्धि र उद्देश्य थप वा परिवर्तन गर्दा स्वीकृति लिनु पर्नेः** (१) कुनै उद्योगले आफ्नो विद्यमान पुँजी वृद्धि वा क्षमता वृद्धि गर्न वा उद्देश्य थप वा परिवर्तन वा हेरफेर गर्न चाहेमा सोको स्वीकृतिको लागि सम्बन्धित उद्योग दर्ता गर्ने निकाय समक्ष तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा उद्योग दर्ता गर्ने निकायले तोकिए बमोजिमको प्रक्रिया पूरा गरी त्यस्तो उद्योगको पुँजी वृद्धि, क्षमता वृद्धि गर्न, उद्देश्य थप वा परिवर्तन वा हेरफेर गर्न [★]पैंतिस दिनभित्र स्वीकृति दिनु पर्नेछ। त्यसरी पुँजी वृद्धि वा क्षमता वृद्धि गर्न वा उद्देश्य थप वा परिवर्तन वा हेरफेर गरेको कारणले उद्योगको वर्गीकरणमा परिवर्तन हुने भएमा सम्बन्धित उद्योगले सोको अभिलेख अद्यावधिक गराई उद्योग दर्ता प्रमाणपत्रमा जनाउन लगाउनु पर्नेछ।

[★](३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि पुँजी वृद्धि वा क्षमता वृद्धि गर्दा वा हेरफेरबाट प्रचलित वातावरण सम्बन्धी कानूनी व्यवस्था बमोजिम वातावरणीय अध्ययन गर्नु पर्ने भएमा सोको प्रतिवेदन स्वीकृत गराउनु पर्नेछ।

तर त्यस्तो पुँजी वृद्धि वा क्षमता वृद्धि गर्न वा उद्देश्य थप वा परिवर्तन वा हेरफेरबाट वातावरणीय प्रभाव मूल्याङ्कन प्रारम्भिक

---

[✝] दोस्रो संशोधनद्वारा थप।

[♦] केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थप।

[★] दोस्रो संशोनद्वारा संशोधित।



आन्तरिक मामिला तथा कानून मन्त्रालय

वातावरणीय परीक्षण गर्नु पर्ने भएमा प्रचलित कानून बमोजिम सोको प्रतिवेदन स्वीकृत गराउनु पर्नेछ।

(४) कुनै उद्योगले साबिकमा जडित यन्त्र, उपकरणमा फेरबदल नगरी व्यवस्थापकीय दक्षता अभिवृद्धि गरी प्रक्षेपित उत्पादनभन्दा बढी उत्पादन गरेकोमा क्षमता वृद्धि गरेको मानिने छैन।

१२. **विवरण उपलब्ध गराउनु पर्नेः** (१) प्रत्येक उद्योगले व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेपछि तोकिए बमोजिमको विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र उद्योग दर्ता गर्ने निकाय समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश गर्नु पर्ने विवरण विद्युतीय माध्यमबाट समेत पेश गर्न सकिनेछ।

१३. **उद्योग बन्द गरेमा जानकारी दिनु पर्नेः** (१) यस ऐन बमोजिम दर्ता भएको उद्योग, उद्योगीले कुनै कारणले बन्द गरेमा वा अन्य कुनै कारणले उद्योगको उत्पादन वा कारोबारमा अवरोध भएमा वा उद्योगको व्यवसायिक उत्पादन वा कारोबार स्थगन गरेमा त्यसरी बन्द वा स्थगन गरेको मितिले तीस दिनभित्र त्यसको जानकारी उद्योग दर्ता गर्ने निकायलाई तोकिए बमोजिम दिनु पर्नेछ।

(२) उद्योगको उत्पादन वा कारोबारमा कुनै किसिमको अवरोध वा बाँधा उत्पन्न भएको व्यहोरा उद्योगले उद्योग दर्ता गर्ने निकायमा जानकारी गराएमा सोको निराकरणका लागि उद्योग दर्ता गर्ने निकायले प्रदेश सरकार, स्थानीय तह तथा सम्बद्ध पक्षहरु बीच आवश्यक छलफल तथा सहजीकरण गरी निराकरणको पहल गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम दर्ता गर्ने निकायले सहजीकरण गर्दा बाधा व्यवधान समाधान हुन नसकेको अवस्थामा उद्योगको प्रकृति अनुसार आवश्यक व्यवस्थापन गरी पुनः सञ्चालन गर्नका लागि आवश्यक पर्ने *समय सीमा तोकि दिनु पर्नेछ।

१४. **उद्योगको दर्ता खारेज गर्न निवेदन दिन सकिने:** (१) कुनै कारणले उद्योग सञ्चालन गर्न नसकिने भएमा त्यस्तो उद्योगको दर्ता खारेजीको लागि उद्योग दर्ता गर्ने निकाय समक्ष नियमावलीमा तोकिए बमोजिम निवेदन दिन सकिनेछ।

तर प्रचलित कानून बमोजिम दामासाहीमा परेको अवस्थामा सोही कानून बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा उद्योग दर्ता गर्ने निकायले सम्बन्धित उद्योगले आफ्नो दायित्व फरफारक गरेको र उद्योगको दर्ता खारेज गर्न उपयुक्त हुने देखिएमा तोकिए बमोजिम उद्योग दर्ता खारेज गरी सोको जानकारी निवेदकलाई दिनु पर्नेछ।

## परिच्छेद- ३

## उद्योगको स्तर वर्गीकरण तथा स्थिर पुँजी सम्बन्धी व्यवस्था

१५. **उद्योगको स्तर:** (१) यस ऐनको प्रयोजनको लागि उद्योगहरुलाई देहाय बमोजिम वर्गीकरण गरिएको छः-

♣(क) **लघु उद्यम:** देहायको अवस्था भएको उद्योगलाई लघु उद्यम मानिनेछः-

(१) घर जग्गा बाहेक बढीमा बीस लाख रूपैयाँसम्मको स्थिर पुँजी रहेको,

---

* दोस्रो संशोधनद्वारा संशोधित।

♣ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।



आन्तरिक मामिला तथा कानून मन्त्रालय

(२) उद्यमी स्वयं उद्योगको सञ्चालन र व्यवस्थापनमा संलग्न रहेको,

(३) उद्यमी सहित बढीमा नौं जनासम्म कामदार रहेको,

(४) वार्षिक कारोबार एक करोड रूपैयाँभन्दा कम रहेको,

(५) इञ्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा इञ्जिन, उपकरण वा मेसिनमा खपत हुने विद्युतीय ऊर्जा, इन्धन वा अन्य तेल इञ्जिनको क्षमता बीस किलोवाट वा सोभन्दा कम रहेको।

(ख) **घरेलु उद्योग**: देहायको अवस्था भएको उद्योगलाई घरेलु उद्योग मानिनेछः-

(१) परम्परागत सीप र प्रविधिमा आधारित,

(२) श्रममूलक र खास सीप वा स्थानीय कच्चा पदार्थ एवं स्थानीय प्रविधि, कला तथा संस्कृतिमा आधारित,

(३) इञ्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा बढीमा पचास किलोवाटसम्मको क्षमताको विद्युतीय ऊर्जा प्रयोग गरेको,

(४) अनुसूची- २ मा उल्लेख भए बमोजिमका उद्योगहरु।

(ग) **साना उद्योग**: लघु उद्यम र घरेलु उद्योग बाहेकको पन्ध्र करोड रूपैयाँसम्म स्थिर पुँजी भएको उद्योग।



आन्तरिक मामिला तथा कानून मन्त्रालय

(घ) **मझौला उद्योगः** पन्ध्र करोड रुपैंयाभन्दा बढी पचास करोड रूपैयाँसम्म स्थिर पुँजी भएको उद्योग।

(ङ) **ठूला उद्योगः** पचास करोड रूपैयाँभन्दा बढी स्थिर पुँजी भएको उद्योग।

(२) उपदफा (१) मा उल्लिखित उद्योगलाई त्यस्ता उद्योगबाट उत्पादन हुने वस्तु वा सेवाको प्रकृतिको आधारमा देहाय बमोजिम वर्गीकरण गरिनेछः-

(क) ऊर्जामूलक उद्योगः ऊर्जा उत्पादन गर्ने व्यवसायमा संलग्न अनुसूची- ३ मा उल्लिखित उद्योगहरु।

(ख) उत्पादनमूलक उद्योगः कच्चा पदार्थ, सहायक कच्चा पदार्थ वा अर्ध प्रशोधित कच्चा पदार्थको प्रयोग वा प्रशोधन गरी मालवस्तु उत्पादन गर्ने उद्योगहरु।

(ग) कृषि, पशुपंक्षी तथा वन पैदावारमा आधारित उद्योगः कृषि, पशु वा वन पैदावारमा आधारित कच्चा पदार्थबाट कुनै वस्तु उत्पादन गर्ने वा कृषि, पशु वा वन पैदावारसँग सम्बन्धित अनुसूची- ४ मा उल्लिखित उद्योगहरु।

(घ) खनिज उद्योगः प्रचलित कानूनले तोके अनुसारको खनिज उत्खनन वा प्रशोधन गरी कुनै धातु वा धातु बाहेकका खनिज पदार्थ उत्पादन गर्ने उद्योगहरु।

(ङ) ♣पूर्वाधार उद्योगः भौतिक पूर्वाधार निर्माण गरी सञ्चालन गर्ने अनुसूची- ५ मा उल्लेख गरिएका उद्योगहरु।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

♣ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

(च) पर्यटन उद्योग: पर्यटन सेवासँग सम्बन्धित अनुसूची- ६ मा उल्लिखित उद्योगहरु।

(छ) सूचना, प्रसारण तथा सञ्चार प्रविधिमा आधारित उद्योग: सूचना सङ्कलन, प्रशोधन र प्रसारणका लागि प्रविधि प्रयोग गरी सूचना, सञ्चार वा सूचना प्रविधिको सेवा उपलब्ध गराउने अनुसूची- ७ मा उल्लिखित उद्योगहरु।

(ज) सेवामूलक उद्योग: सेवा उत्पादन वा प्रदान गर्ने अनुसूची- ८ मा उल्लिखित उद्योगहरु।

(३) उपदफा (१) मा उल्लेख भए बमोजिमको कुनै उद्योगले पुँजी, क्षमता वा उद्देश्य परिवर्तन वा हेरफेर गर्न चाहेमा उद्योग दर्ता गर्ने निकाय समक्ष नियमावलीमा तोकिए बमोजिम निवेदन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएमा उद्योग दर्ता गर्ने निकायले तोकिए बमोजिम त्यस्तो उद्योगको पुँजी, क्षमता वा उद्देश्य परिवर्तन वा हेरफेर गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम उद्योगको पुँजी, क्षमता वा उद्देश्य परिवर्तन वा हेरफेर भएमा त्यस्तो उद्योग पुँजी, क्षमता वा उद्देश्य परिवर्तन वा हेरफेर भई कायम भए अनुसार उपदफा (१) बमोजिमको जुन वर्गमा पर्ने हो सोही वर्गमा वर्गीकृत भएको मानिनेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी उद्योगको वर्गीकरणमा थपघट तथा हेरफेर गर्न सक्नेछ।

✂(७) ............

◆१५क. <u>उद्योग दर्ता गर्ने निकायः</u> ★(१) यस ऐन बमोजिम उद्योग दर्ता गर्ने सम्बन्धित निकाय देहाय बमोजिम हुनेछः-

(क) लघु उद्यम (सबै) र घरजग्गा बाहेक पाँच लाख रुपैयाँसम्मको स्थिर पुँजी भएको घरेलु उद्योग र साना उद्योग -स्थानीय तहमा

(ख) खण्ड (क) बाहेकको घरेलु उद्योग र साना उद्योग -कार्यालयमा

(ग) मझौला उद्योग -निर्देशनालयमा

(२) उपदफा (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि रात्रिकालीन बासको व्यवस्था गर्ने गरी स्थापना भएका जुनसुकै होटल व्यवसाय वा त्यस्तो उद्योग गर्ने होटल, होमस्टे वा यस्तै प्रकृतिका कुनै पनि होटलहरु स्थानीय तहमा दर्ता हुनेछैन।

★(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुनुअघि रात्रिकालीन बासको सुविधा प्रदान गर्ने गरी स्थापना भएका प्रदेशभित्रका कुनै पनि होटल, लज, रेष्टुरेन्ट, फास्टफुड वा यस्तै प्रकृतिका होटेल स्थानीय तहमा दर्ता भएको भए यो उपदफा प्रारम्भ भएको तीन महिनाभित्र उपदफा (१) बमोजिमको प्रदेशको कार्यालयमा दर्ता गर्नुपर्नेछ। यसरी सो अवधिभित्र दर्ता नगर्ने होटललाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

---

✂ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा झिकिएको।

◆ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थप।

★ दोस्रो संशोधनद्वारा संशोधित।

(४) उपदफा (१) को खण्ड (क) र (ग) बाहेकका विषयगत उद्योग दर्ता गर्ने सम्बन्धित निकाय देहाय बमोजिम हुनेछः-

(क) पर्यटन उद्योग एवं व्यवसायको हकमा सम्बन्धित पर्यटन हेर्ने कार्यालय,

(ख) वन पैदावारमा आधारित उद्योग एवं व्यवसायको हकमा सम्बन्धित डिभिजन वन कार्यालय,

(ग) सूचना, प्रसारण तथा सञ्चार प्रविधिमा आधारित उद्योग एवं व्यवसायको हकमा सञ्चार रजिष्ट्रारको कार्यालय,

(घ) खण्ड (क), (ख) र (ग) बाहेक बाँकी अन्य सबै उद्योग एवं व्यवसायको हकमा सम्बन्धित घरेलु तथा साना उद्योग कार्यालय।

✝तर विषयगत उद्योग दर्ता गर्ने सम्बन्धित निकायले उद्योग दर्ता पश्चात सोको  दर्ता प्रमाणपत्रको प्रतिलिपि सहितको जानकारी निर्देशनालयमा पठाउनु पर्नेछ।

(५) यो दफा प्रारम्भ हुँदाका बखत घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भएका उद्योगको फाइल एवं विवरण यो दफा प्रारम्भ भएको छ महिनाभित्र उपदफा (२) बमोजिमको निकायलाई हस्तान्तरण गर्नु पर्नेछ।

**१६. <u>उद्योगको स्थिर पुँजी</u>**: (१) यस ऐनको प्रयोजनको लागि उद्योगको स्थिर पुँजीको मूल्याङ्कन गर्दा देहायको सम्पत्तिलाई आधार मानी मूल्याङ्कन गरिनेछः-

(क) जमिन तथा जमिनमुनि (अण्डरग्राउण्ड), अन्तरिक्ष, जल वा जलमुनि निर्माण वा सुधार भएका भौतिक संरचना,

---

✝ दोस्रो संशोधनद्वारा थप।

(ख) जमिनमाथि निर्माण भएका भौतिक संरचना (जस्तैः ढल निकास, आन्तरिक सडक, खानेपानीका संरचना, पानी आपूर्ति गर्ने प्रणाली),

(ग) उद्योगको कार्यालय, कारखाना, भवन वा गोदाम घर,

(घ) कर्मचारी वा कामदारका लागि निर्माण भएको आवास भवन,

(ङ) विद्युत आपूर्ति तथा सोसँग सम्बन्धित उपकरण र प्रणाली,

(च) मेसिनरी, उपकरण, औजार तथा तिनका जगेडा पार्टपूर्जा,

(छ) परिबहनका साधन,

(ज) कार्यालयका पुँजीगत सामग्री तथा उपकरण,

(झ) फर्निचर तथा फिक्सचर,

(ञ) सञ्चार सामग्री तथा सोसँग सम्बन्धित उपकरण र प्रणाली।

(२) उपदफा (१) मा उल्लिखित सम्पत्तिका अतिरिक्त उद्योग स्थापना हुनुभन्दा अघि वा निर्माणको विभिन्न चरणमा भएको देहायका खर्चलाई पनि उद्योगको स्थिर पुँजीको रूपमा मूल्याङ्कन गरिनेछः-

(क) पुँजीकृत गरिने प्राविधिक तथा सुपरिवेक्षण खर्च,

(ख) पूर्व लगानी तथा पूर्व सञ्चालन खर्च,

(ग) पुँजीकृत हुने ब्याज खर्च।

१७. **प्राथमिकता प्राप्त उद्योगः** यस ऐनको अनुसूची- ९ मा उल्लिखित उद्योगहरुलाई प्रदेश प्राथमिकता प्राप्त उद्योग मानिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

## परिच्छेद- ४

## <u>उद्योगलाई प्रदान गरिने सहुलियत सम्बन्धी व्यवस्था</u>

१८. **<u>थप सुविधा तथा सहुलियतः</u>** (१) प्रचलित कानून बमोजिम उद्योगलाई प्रदान गरिने सुविधा तथा सहुलियतका अतिरिक्त देहाय बमोजिमका उद्योगलाई प्रदेश सरकारले सुविधा सहुलियत प्रदान गर्न सक्नेछः-

(क) निर्यातजन्य उद्योग,

(ख) *<u>औद्योगिक</u> क्षेत्रमा स्थापना हुने तोकिए बमोजिमका उद्योग,

(ग) प्रदेश प्राथमिकता प्राप्त उद्योग,

(घ) स्वदेशी कच्चा पदार्थ, श्रम र सीपको अधिकतम उपयोग गर्ने उद्योग,

(ङ) नेपालभित्रै प्रविधि वा वस्तुको आविष्कार गरी स्थापना भएका उद्योग,

(च) पचास जनाभन्दा बढी रोजगारी दिने उद्योग,

(छ) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना जारी गरी तोकेका उद्योग,

*(ज) अर्को प्रदेशबाट स्थानान्तरण भई यस प्रदेशमा आउने उद्योगलाई पुँजी अनुसार यस प्रदेशमा दर्ता गर्दा लाग्ने दस्तुर रकमबाट सम्बन्धित प्रदेशमा पहिला दर्ता गर्दा लागेको दस्तुर घटाई हुन आउने दस्तुर राजस्व दाखिला गराई स्थानान्तरण गरिनेछ,

---

*दोस्रो संशोधनद्वार संशोधित।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(झ) अपाङ्गता (फरक क्षमता) भएका व्यक्तिद्वारा सञ्चालित उद्योग तथा अपाङ्गता (फरक क्षमता) भएका दस जना व्यक्तिहरुलाई रोजगारी दिने उद्योग,

(ञ) कम्तीमा पन्ध्र जना महिलालाई रोजगारी दिने उद्योग,

(ट) वैदेशिक रोजगारीमा गई फर्केका व्यक्तिहरुद्वारा एकल वा साझेदारीमा सञ्चालित उद्योग,

(ठ) चालीस वर्ष मुनिका युवाहरुले सञ्चालन गरेको नवीन प्रकृतिका (स्टार्ट-अप) शुरुवाती उद्योग,

(ड) फोहोर मैला प्रशोधन उद्योग।

(२) प्रदेश सरकारले उपदफा (१) बमोजिमका उद्योगलाई देहाय बमोजिमका सुविधाहरु उपलब्ध गराउन सक्नेछः-

(क) उद्योग स्थापनाका लागि जग्गा खरिद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कमा पच्चीस प्रतिशत छुट दिइनेछ। साथै महिला मात्रै द्वारा सञ्चालन हुने उद्योगमा रजिष्ट्रेशन शुल्क पचास प्रतिशत छुट दिनेछ,

तर यसरी खरिद गरिएको जग्गा तोकिएको उद्योगको प्रयोजनमा बाहेक अन्य प्रयोजनमा प्रयोग गरेको पाइएमा उक्त छुट रकम ब्याजसहित असुल उपर गरिनेछ।

(ख) जग्गा खरिद तथा उद्योग स्थापनाका लागि लिइने ऋणमा लाग्ने ब्याजमा बढीमा तीन वर्षसम्म बैंकको ब्याज भुक्तानीमा एक प्रतिशत अनुदान दिन सकिनेछ,



आन्तरिक मामिला तथा कानून मन्त्रालय

तर यसरी खरिद गरिएको जग्गा उद्योग स्थापना बाहेक अन्य प्रयोजनमा प्रयोग गरेको पाइएमा अनुदान रकममा ब्याज थप गरी असुल उपर गरिनेछ।

(ग) प्रदेश सरकारले लगाएको कर वा सेवा शुल्कमा पाँच वर्षसम्मका लागि पचास प्रतिशतसम्म छुट सहुलियत दिइनेछ,

(घ) उद्योगका लागि आवश्यक पर्ने सडक, विद्युत जस्ता पूर्वाधार उपलब्धताको लागि सहजीकरण गरिनेछ,

(ङ) प्रदेशभित्र उत्पादित वस्तुको बजार विस्तार, बजारमा सहज पहुँच तथा प्रदेशमा स्थापित उद्योगको प्रवर्धनका लागि प्रदेशभित्र रहेका सार्वजनिक निकायले प्रदेशभित्र उत्पादन भएका वस्तु तथा सेवाको प्रयोग गर्ने गरी आवश्यक कानून निर्माण गरिनेछ,

(च) उद्योगका लागि इन्कुवेसन सेवा, परामर्श सेवा, बजार तथा विजनेश प्रवर्धन सेवा नियमावलीमा व्यवस्था भए बमोजिम उपलब्ध गराइनेछ,

(छ) पच्चीस करोड रूपैयाँभन्दा बढी पुँजी लगानी गर्ने वा एक सय जनाभन्दा बढी स्वदेशी नागरिकलाई रोजगार दिने औद्योगिक क्षेत्र बाहिर स्थापना भएका उद्योगलाई सडक, विद्युत, पानी लगायतका पूर्वाधार निर्माणमा प्रदेश सरकारले सहयोग गर्नेछ,

(ज) अर्को प्रदेशबाट स्थानान्तरण भई यस प्रदेशमा आउने उद्योगलाई लाग्ने दर्ता शुल्क वा दस्तुर छुट दिइनेछ,

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(झ) प्रदेशभित्र उद्योग सञ्चालन गरी प्रदेश अर्थतन्त्रमा महत्वपूर्ण योगदान दिने उद्यमीहरु मध्येबाट प्रदेश सरकारले प्रत्येक वर्ष कम्तीमा दस जना उद्यमीलाई उत्कृष्ट उद्यमीको रूपमा सम्मान गर्नेछ,

(ञ) खण्ड (झ) बमोजिम सम्मानित उद्यमीहरुलाई सरकारी निकायबाट प्रदान गरिने सेवामा प्राथमिकता दिइनेछ,

(ट) कम्तीमा पचास जना महिलाहरु मिलेर सञ्चालित सहकारी संस्थाद्वारा सञ्चालन हुने उद्योगलाई पुरस्कारको व्यवस्था महिला सहकारी संस्था मार्फत सञ्चालन भएका उत्कृष्ट उद्योगहरु मध्ये छनौट गरी उत्कृष्ट तीन उद्योगलाई प्रदेश सरकारले महिला सहकारी संस्था मार्फत सञ्चालन भएका उत्कृष्ठ उद्योगको रूपमा घोषणा गरी देहाय बमोजिमका पुरस्कार सहित सम्मान गर्नेछः-

(१) मन्त्रालयले निर्णय गरे अनुसारको नगद पुरस्कार रकम,

(२) कर वा सेवा शुल्कमा प्रदान गरिएको छुट अवधिमा प्रथम हुनेलाई एक वर्ष थप गर्ने,

(३) मन्त्रालयले निर्णय गरे अनुसारको उद्योग सञ्चालन अनुदान वा मेशिनरी सामग्रीहरु प्रदान पर्ने,

(४) प्रदेश सरकारले तोकेका अन्य पुरस्कारहरु।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

★(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि महिला, दलित, अपाङ्गता भएका व्यक्ति, विपन्न वर्ग, सीमान्तकृत र द्वन्द पिडित उद्यमीको मात्र स्वामित्व रहने गरी उद्योग दर्ता गराएमा त्यस्तो उद्योग दर्ता गर्दा कानून बमोजिम लाग्ने दस्तुर वा शुल्कमा पचास प्रतिशत छुट हुनेछ।

१९. **<u>लघु उद्यम, घरेलु तथा साना उद्योगका लागि अन्य सुविधा तथा सहुलियतः</u>** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि लघु उद्यम, घरेलु तथा साना उद्योगहरुलाई देहाय बमोजिमका थप सुविधा तथा सहुलियत दिइनेछः-

(क) लघु उद्यम दर्ता गर्दा कुनै शुल्क लाग्ने छैन,

(ख) महिला, दलित, अपाङ्गता (फरक क्षमता) भएका व्यक्ति, अल्पसंख्यक सीमान्तकृत, तेस्रो लिंगी र वैदेशिक रोजगारीमा गई फर्केका व्यक्तिहरुद्वारा ग्रामिण तथा दुर्गम क्षेत्रमा स्थापना गर्ने लघु उद्यम, घरेलु र साना उद्योग तथा सहकारी संस्थाद्वारा सञ्चालन हुने उद्योगलाई लगानीको बीस प्रतिशत बीउपुँजी (सिड क्यापिटल) को रूपमा प्रदेश सरकारले तोके बमोजिम अनुदान दिन सक्नेछ,

(ग) लघु उद्यम, घरेलु तथा साना उद्योगहरुबाट उत्पादित हुने वस्तुहरुको छुट्टै पहिचानका लागि प्रदेशस्तरको सामुहिक चिन्ह (कलेक्टिभ मार्क) दर्ता गराई यसको प्रयोगबाट बजार प्रवर्धन गर्न सहयोग पुर्‍याइनेछ,

आन्तरिक मामिला तथा कानून मन्त्रालय

---

★ दोस्रो संशोधनद्वारा संशोधित।

(घ) लघु उद्यम घरेलु तथा साना उद्योगको स्थापना तथा विकासका लागि आवश्यक पर्ने पुँजी निर्माण र उत्पादित वस्तुको सहज ढंगले बजारीकरण गर्नको लागि वहुउद्देश्यीय र विषयगत सहकारी मार्फत उद्योग स्थापना गर्न उत्प्रेरित गरिनेछ,

(ङ) लघु उद्यम, घरेलु तथा साना उद्योगलाई आवश्यक उपयुक्त प्रविधिमा अनुदानको व्यवस्थाका लागि लघु उद्यम, घरेलु तथा साना उद्योगका लागि प्रविधि विकास कोषको स्थापना गरी प्रविधिमा अनुदानको व्यवस्था मिलाइनेछ साथै नविन प्रविधि अनुसन्धान र विकासका लागि विश्वविद्यालयहरु, *अविष्कार केन्द्रहरुसँग सहकार्य गरिनेछ,

(च) लघु उद्यम घरेलु तथा साना उद्योगको औद्योगिक सम्पति संरक्षण गर्नुका साथै त्यसो गर्दा लाग्ने दस्तुरमा सहुलियत गरिनेछ,

(छ) लघु उद्यम, घरेलु तथा साना उद्योगको वित्तीय पहुँचका लागि परियोजना धितोमा ऋण प्रवाह गर्ने व्यवस्था मिलाईनेछ,

(ज) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाले सञ्चालन गर्ने उद्योग व्यवसायलाई देहाय बमोजिमको छुट, सुविधा र सहुलियत प्राप्त हुनेछः-

(१) सहकारी संस्थाले उद्योग खोल्नको लागि

* दोस्रो संशोधनद्वारा संशोधित।

आवश्यक पर्ने घर जग्गा खरिद गर्दा टिकट दस्तुर वा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन।

तर रजिष्ट्रेशन दस्तुर छुट प्राप्त गरी खरिद गरिएको घर जग्गा प्रयोग नगरी बिक्री गरेमा सो बापत छुट पाएको रजिष्ट्रेशन दस्तुरको दस प्रतिशत थप र ब्याज सहित फिर्ता गर्नु पर्नेछ। त्यस्ता सहकारीले पाँच वर्षभित्र अनिवार्य रूपमा उद्योग सञ्चालन गर्नु पर्नेछ।

(२) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी सहकारी संस्थाले उत्पादन गरेको मालसामानमा लाग्ने प्रदेश स्तरीय कर प्रचलित कानून बमोजिम आंशिक वा पूरै छुट दिन सक्नेछ।

(३) यस दफामा उल्लिखित छुटहरुका अतिरिक्त औद्योगिक व्यवसाय गर्ने सहकारी संस्थालाई प्रचलित कानून बमोजिम उद्योगले पाए सरहको र आफ्नो पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन वा विशेष उद्योग, व्यवसाय वा सेवा सञ्चालन गर्ने सहकारी संघ संस्थालाई प्रचलित कानून बमोजिम त्यस्तो उद्योग, व्यवसाय वा सेवाले पाए सरहको छुट, सुविधा र संरक्षण समेत प्राप्त हुनेछ।

(४) प्रदेश सरकार वा स्थानीय तहले विपन्न ग्रामिण महिला, अपांगता (फरक क्षमता) भएका व्यक्ति, मुक्त कमैया, मुक्त हलिया, भूमिहीन

आन्तरिक मामिला तथा कानून मन्त्रालय

कृषक, बेरोजगार, श्रमिक र दलित तथा अल्पसंख्यक जातजाति समेतका सीमान्तकृत समूहको सहकारी खेतिपाती वा सदस्यको श्रम वा सीपमा आधारित स्वरोजगारीका उद्योग धन्दा प्रवर्धन गर्न प्रचलित कानून बमोजिम लाग्ने प्रदेश स्तरीय कर आंशिक वा पूरै छुट दिन, बीउ पुँजी, लागत सहभागिता अनुदान, सहुलियतपूर्ण ऋण लगायतको विशेष वित्तीय सुविधा तथा प्राविधिक टेवा प्रदान गर्न सक्नेछ।

(५) रुग्ण सार्वजनिक वा निजी उद्योग सहकारीकरण गरी श्रमिकहरुले आफ्नै स्वामित्वमा पुनः सञ्चालन गर्न चाहेमा प्रदेश सरकारले उद्योगको प्रकृति हेरी मनासिव अनुपातमा बीउ अनुदान, ऋण वा सहुलियतपूर्ण ऋण कायम गरी स्वामित्व हस्तान्तरण गर्न वा निजी स्वामित्वको हस्तान्तरणमा कर छुट, जमानत वा उपयुक्त सहयोग गरी प्रोत्साहन दिन सक्नेछ।

(६) सहकारी संस्थाबाट एकल वा संयुक्त वा साझेदारीमा सञ्चालन हुने उद्योग, व्यवसायको तीन/तीन वर्षमा सम्पत्तिको पुनः मूल्याँकन गरी सदस्यहरुलाई शेयर वितरण गर्न सक्नेछ।

२०. **<u>जग्गा सम्बन्धी व्यवस्थाः</u>** यस ऐन वा प्रचलित कानून बमोजिम दर्ता भएका उद्योगका लागि आवश्यक जग्गा सम्बन्धित उद्यमीले प्रचलित कानून बमोजिम आफैले खरिद गर्न वा लिजमा लिन सक्नेछ। उद्योग दर्ता गर्ने निकायले जग्गा खरिद गर्ने वा लिजमा उपलब्ध गराइदिने सम्बन्धमा आवश्यक समन्वय र सहजीकरण गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

२१. **<u>औद्योगिक सुरक्षा सम्बन्धी व्यवस्थाः</u>** (१) प्रचलित कानून बमोजिम स्थापना भएका तोकिए बमोजिमका उद्योगको लागि प्रदेश सरकारले तोकिए बमोजिमको औद्योगिक सुरक्षा उपलब्ध गराउनेछ।

(२) यस ऐन बमोजिम दर्ता तथा अद्यावधिक भएका उद्योगको सुरक्षाका लागि नियमित सुरक्षाकर्मी आवश्यक परी सम्बन्धित उद्योगबाट अनुरोध भई आएमा प्रदेश सरकारले तोकिए बमोजिमको प्रक्रिया पूरा गरी आवश्यक सुरक्षाकर्मी उपलब्ध गराउन सक्नेछ।

२२. **<u>छुट, सुविधा वा सहुलियतको दुरुपयोग गर्न नहुनेः</u>** यस ऐन बमोजिम उद्योगले प्राप्त गर्ने छुट, सुविधा वा सहुलियत जुन प्रयोजनका लागि दिइएको हो सोही प्रयोजनका लागि मात्र प्रयोग गर्नु पर्नेछ।

## परिच्छेद- ५

## <u>औद्योगिक क्षेत्र सम्बन्धी व्यवस्था</u>

२३. **<u>औद्योगिक क्षेत्र घोषणा गर्न सक्नेः</u>** (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी औद्योगिक विकासको लागि पर्याप्त सम्भावना र अवसर उपलब्ध रहेको प्रदेशको कुनै भाग वा स्थानलाई तोकिए बमोजिमका मापदण्डको अधीनमा रही औद्योगिक करिडोर, औद्योगिक पार्क, औद्योगिक क्लष्टर तथा औद्योगिक क्षेत्र घोषणा गरी आवश्यक पूर्वाधार विकासका साथै तोकिए बमोजिमको सेवा, सुविधा तथा सहुलियत उपलब्ध गराउन सक्नेछ।

(२) प्रत्येक औद्योगिक पार्क, औद्योगिक क्लष्टर वा औद्योगिक क्षेत्र स्थापना गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम गरिने वातावरणीय प्रभाव मूल्याङ्कनको प्रत्येक दस वर्षमा पुनरावलोकन गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(४) औद्योगिक पार्क, औद्योगिक क्लष्टर वा औद्योगिक क्षेत्रभित्रको जग्गा उद्योग स्थापना तथा सञ्चालनका लागि बढीमा चालीस वर्षको अवधि तोकी लिजमा उपलब्ध गराईनेछ। उद्योग निरन्तर चलिरहेको अवस्थामा लिज अवधि दस/दस वर्षको लागि थप गरिनेछ।

तर उद्योगको अवलोकन, निरीक्षण गर्दा मानव स्वास्थ्यमा प्रतिकूल असर गर्ने, वातावरण प्रदूषण गर्ने अवस्था देखिएमा प्रदेश सरकारले लिज अवधि थप नगर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम लिजमा लिएको जग्गामा तोकिएको अवधिभित्र उद्योग सञ्चालनमा नआएमा स्वतः लिज तोडिएको मानिनेछ।

(६) उद्योगले औद्योगिक पार्क, औद्योगिक क्लष्टर वा औद्योगिक क्षेत्रभित्रको उद्योग स्थापना तथा सञ्चालनका लागि लिजमा लिएको जग्गामा तोकिएको उद्योग स्थापना बाहेक अन्य प्रयोजनमा प्रयोग गर्न, भाडा वा पुनः लिजमा दिन पाइने छैन।

(७) औद्योगिक क्षेत्रभित्र स्थापना भई सञ्चालनमा रहेका उद्योगहरुले आफ्नो उत्पादन बन्द गर्न पाउने छैनन्।

तर मनासिब कारण देखाई समितिको अनुमतिमा निश्चित अवधिका लागि मात्र उत्पादन स्थगन गर्न सक्नेछन्।

(८) औद्योगिक क्षेत्रको जग्गा लघु उद्यम तथा घरेलु उद्योगलाई उपलब्ध गराइने छैन र लिजको नवीकरण समेत गरिने छैन।

(९) लघु उद्यम तथा घरेलु उद्योगहरुलाई सञ्चालन सुविधाका लागि प्रदेश सरकारले आवश्यकता अनुसार लघु तथा घरेलु उद्योग ग्राम एवं साझा सुविधा केन्द्रहरु स्थापना गर्नेछ।

(१०) औद्योगिक क्षेत्रभन्दा बाहिर स्थापना भई सञ्चालनमा रहेका घरेलु तथा साना उद्योगहरुलाई औद्योगिक क्षेत्र/औद्योगिक

आन्तरिक मामिला तथा कानून मन्त्रालय

ग्राम निर्माण गरी प्रदेश सरकारले दस वर्षभित्र क्रमशः स्थानान्तरण गराउनु पर्नेछ साथै घना बस्तीमा रहेका औद्योगिक क्षेत्रभित्र सञ्चालित उद्योगहरुलाई उपयुक्त स्थानमा नयाँ औद्योगिक क्षेत्र/औद्योगिक ग्राम निर्माण गरी प्रदेश सरकारले क्रमशः स्थानान्तरण गराउन सक्नेछ।

तर परम्परागत सांस्कृतिक पेशामा आधारित, प्राकृतिक स्रोतमा आधारित, कृषि र पशुपंछीजन्य उद्योगहरुमा यो व्यवस्था लागू हुने छैन। औद्योगिक क्षेत्र/औद्योगिक ग्राम निर्माण पछि दर्ता हुने उद्योगहरु अनिवार्य औद्योगिक क्षेत्र/औद्योगिक ग्राममा सञ्चालन गर्नु पर्नेछ।

(११) स्थानीय तहबाट बनाइने स्थानीय औद्योगिक ग्राममा लघु उद्यम तथा घरेलु उद्योगहरु सञ्चालन हुन सक्नेछ। यसरी स्थानीय तहबाट निर्माण गरिने औद्योगिक ग्राम सञ्चालनको लागि स्थानीय तहले सञ्चालन कार्यविधि बनाउन सक्नेछ।

(१२) औद्योगिक क्षेत्रको सञ्चालन सम्बन्धी कार्यविधि नियमावलीमा तोकिए बमोजिम हुनेछ।

२४. **स्थानीय औद्योगिक क्षेत्र/ग्रामः** *(१) स्थानीय तहले भू-उपयोग योजनाको आधारमा आफ्नो कुनै क्षेत्रलाई औद्योगिक क्षेत्र/ग्राम भनी भू-वर्गीकरण गरेमा सो क्षेत्रलाई औद्योगिक क्षेत्र/ग्राम घोषणाको लागि प्रचलित कानुन बमोजिम सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ।

तर सेवा उद्योग वा प्राविधिक दृष्टिकोणले अलग राख्नु पर्ने खास प्रकृतिका उद्योगको हकमा स्थानीय तहले तोकेका अन्य क्षेत्रमा उद्योग स्थापना गर्न बाधा पुग्ने छैन।

---

* दोस्रो संशोधनद्वारा संशोधित।

(२) उपदफा (१) मा जनुसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारबाट स्वीकृत बस्ती विकास तथा भवन निर्माण सम्बन्धी मापदण्डको प्रतिकूल हुने वा खानी तथा भू-गर्भ विभागले भू-जोखिमका आधारमा निषेध गरेको क्षेत्रमा *औद्योगिक क्षेत्र/ग्राम घोषणा/सिफारिस गर्न सकिने छैन।

२५. **आवासीय वा अन्य भवन बनाउन वा बस्ती बसाउन नसकिने:** (१) यो ऐन प्रारम्भ भए पछि स्थापना हुने औद्योगिक क्षेत्र, प्रादेशिक औद्योगिक कोरिडोर, प्रादेशिक औद्योगिक पार्क तथा प्रादेशिक औद्योगिक क्लष्टर वरिपरी तोकिएको क्षेत्र र दूरीभित्र कुनै पनि किसिमको आवासीय वा अन्य भवन बनाउन वा बस्ती बसाउन सकिने छैन।

(२) औद्योगिक क्षेत्रभित्र उद्योग स्थापना गर्दा प्रदूषण नियन्त्रण गर्ने उद्देश्यले बाहिरी घेरामा कम्तीमा एक सय मीटर चौडाईको घेरा (बफर जोन) छाडेरमात्र उद्योग स्थापना गरिनेछ। यस्तो घेरालाई हरित क्षेत्रको रूपमा विकास गरिनेछ।

## परिच्छेद- ६

## सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था

२६. **सजाय सम्बन्धी व्यवस्था:** (१) कसैले यस ऐन बमोजिम उद्योग दर्ता नगराई उद्योग स्थापना वा सञ्चालन गरेको सम्बन्धमा कार्यालयले अनुगमन, निरीक्षण तथा छानबिन गर्दा यस ऐन बमोजिम उद्योग दर्ता नगराई उद्योग स्थापना वा सञ्चालन गरेको पाइएमा त्यस्तो उद्योग स्थापना वा सञ्चालन गर्ने व्यक्ति तथा सोसँग सम्बन्धित विवरण सहितको प्रतिवेदन तयार गरी कारबाहीका लागि निर्देशनालय मार्फत मन्त्रालयमा पठाउनु पर्नेछ।

---

* दोस्रो संशोधनद्वारा संशोधित।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनका आधारमा मन्त्रालयले त्यस्तो व्यक्तिलाई यस ऐन बमोजिम उद्योग दर्ता गराई सञ्चालनमा ल्याउन र सोको प्रमाण पेश गर्न बढीमा तीन महिनाको समय दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको समय अवधिभित्र उद्योग दर्ता नगर्ने व्यक्ति वा उद्योगलाई मन्त्रालयले देहाय बमोजिम ♦<u>जुनसुकै</u> कारबाही गर्न सक्नेछः-

♣(क) उद्योगको स्तर यकिन गरी लघु उद्यमस्तरको भए दस हजार रूपैयाँदेखि पच्चीस हजार रूपैयाँसम्म, घरेलु तथा साना उद्योग स्तर भएमा पच्चीस हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म, मझौला तथा ठूला उद्योगस्तर भएमा एक लाख रूपैयाँदेखि तीनलाख रूपैयाँसम्म जरिबाना गरी बढीमा तीस दिनको समयावधि तोकि उद्योग दर्ता गर्न आदेश दिन सक्नेछ।

तर लघु र घरेलु उद्योगको हकमा सञ्चालन भएको छ महिनाभित्र दर्ता गराउने व्यवस्था भएकोले त्यस्ता उद्योगको हकमा सो अवधिसम्मका लागि यो खण्ड लागू हुने छैन।

(ख) खण्ड (क) बमोजिम कारबाही भई प्रदान गरेको समयावधिभित्र त्यस्तो उद्योगले उद्योग दर्ता नगराएमा सम्बन्धित उद्योग दर्ता गर्ने निकायको सिफारिसमा त्यस्तो निकायको तालुक मन्त्रालयले त्यस्तो उद्योग बन्द गर्न आदेश दिन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

---

♦ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थप।

♣ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

◆(३क) कुनै उद्योगले दफा ११ बमोजिम स्वीकृति नलिई उद्योगको स्थानान्तरण गरेमा वा दफा ११क. बमोजिम स्वीकृति नलिई पुँजी वृद्धि, क्षमता वृद्धि गर्न, उद्देश्य थप वा परिवर्तन वा हेरफेर गरेमा सम्बन्धित उद्योग दर्ता गर्ने निकायको सिफारिसमा त्यस्तो निकायको तालुक मन्त्रालयले देहायको कुनै जरिबाना गर्न सक्नेछः-

(क) लघु उद्यमको हकमा पाँच हजार रूपैयाँ,

(ख) घरेलु तथा साना उद्योगको हकमा पच्चीस हजार रूपैयाँदेखि पचास हजार रूपैयाँसम्म,

(ग) मझौला र ठूला उद्योगको हकमा एक लाख रूपैयाँदेखि तीन लाख रूपैयाँसम्म,

(घ) दफा ७ बमोजिम सहमति आवश्यक पर्ने उद्योगको हकमा खण्ड (ख) वा (ग) बमोजिम लाग्ने जरिबानामा शतप्रतिशत थप जरिबाना।

(४) दफा १२ बमोजिम तोकिएको विवरण तोकिएको अवधिभित्र उपलब्ध नगराएमा उद्योग दर्ता गर्ने निकायले प्रत्येक आर्थिक वर्षको लागि देहायका उद्योगलाई देहायको जरिबाना गर्न सक्नेछः-

(क) लघु उद्यमलाई पाँच हजार रूपैयाँको दरले,

(ख) घरेलु उद्योगलाई दस हजार रूपैयाँको दरले,

(ग) साना उद्योगलाई बीस हजार रूपैयाँको दरले,

(घ) मझौला उद्योगलाई चालीस हजार रूपैयाँको दरले,

(ङ) ठूला उद्योगलाई पचहत्तर हजार रूपैयाँको दरले।

---

◆ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थप।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

♣(५) कुनै उद्योगले उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित सर्तको पालना तथा उद्देश्य विपरीत कार्य गरेमा सम्बन्धित उद्योग दर्ता गर्ने निकायको सिफारिसमा त्यस्तो निकायको तालुक मन्त्रालयले त्यस्तो उद्योगलाई देहाय बमोजिमको जरिबाना गर्न सक्नेछः-

(क) लघु उद्यमको हकमा पच्चीस हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म,

(ख) घरेलु तथा साना उद्योगको हकमा दुई लाख रूपैयाँदेखि पाँच लाख रूपैयाँसम्म,

(ग) मझौला उद्योगको हकमा पाँच लाख रूपैयाँदेखि दशलाख रूपैयाँसम्म,

(घ) ठूला उद्योगको हकमा पन्ध्र लाख रूपैयाँदेखि तीस लाख रुपैंयाँसम्म।

♦(६) कुनै उद्योगले यस ऐन बमोजिम प्रदान गरेको प्रोत्साहन सुविधा, छुट वा यस्तै जुनसुकै सहुलियतको दुरुपयोग गरेमा सम्बन्धित उद्योग दर्ता गर्ने निकायको सिफारिसमा त्यस्तो निकायको तालुक मन्त्रालयले त्यस्तो उद्योगलाई उपलब्ध गराएको प्रोत्साहन सुविधा, छुट वा सहुलियत तत्काल रोक्का गरी त्यसरी उपलब्ध गराएको प्रोत्साहन सुविधा, छुट वा सहुलियत बराबरको रकम समेत असूल गर्न वा सो बराबरको रकम जरिबाना गर्नेछ।

♦(७) यस दफामा लेखिएदेखि बाहेक यो ऐन तथा यस ऐन बमोजिम बनेको नियम विपरीत अन्य कुनै काम गर्ने वा सम्बन्धित

---

♣ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

♦ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थप।

उद्योग दर्ता गर्ने निकाय वा त्यस्तो निकायको तालुक मन्त्रालयले दिएको निर्देशन पालना नगर्ने उद्योगलाई उद्योग दर्ता गर्ने निकायको सिफारिसमा मन्त्रालयले देहाय बमोजिम जरिबाना गर्न सक्नेछः-

(क) लघु उद्यम भए पन्ध्र हजार रूपैयाँसम्म,

(ख) घरेलु उद्योग र साना उद्योग भए पन्ध्र हजार रूपैयाँदेखि तीस हजार रुपैंयासम्म,

(ग) मझौला उद्योग भए तीस हजार रूपैयाँदेखि पचास हजार रूपैयाँसम्म,

(घ) ठूला उद्योग भए पचास हजार रूपैयाँदेखि एक लाख रुपैंयासम्म।

*२७. **सफाई पेश गर्ने मौका दिइनेः** (१) यस परिच्छेद बमोजिम कुनै उद्योगलाई सजाय गर्दा सफाई पेश गर्ने मनासिव माफिकको मौका दिनु पर्नेछ।

*२८. **पुनरावेदन सम्बन्धी व्यवस्थाः** (१) दफा २६ बमोजिमको सजायको आदेश उपर चित्त नबुझेमा सजायको जानकारी पाएको मितिले पैंतिस दिनभित्र त्यस्तो उद्योग वा व्यक्तिले स्थानीय तहको हकमा सम्बन्धित जिल्ला अदालतमा र प्रदेशस्तरको निर्णयको हकमा उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ।

## परिच्छेद- ७

## औद्योगिक जनशक्ति सम्बन्धी व्यवस्था

२९. **औद्योगिक जनशक्तिः** (१) उद्योगलाई आवश्यक पर्ने जनशक्ति प्रचलित कानून बमोजिम सेवाबाट नेपाली नागरिकबाट पूर्ति गर्नु पर्नेछ।

* दोस्रो संशोधनद्वारा संशोधित।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उद्योगको लागि चाहिने कुनै खास सीप वा दक्षता भएको जनशक्ति नेपाली नागरिकबाट उपलब्ध हुन नसकेमा निर्देशनालयको सिफारिसमा श्रम स्वीकृति लिई बढीमा तीन वर्षसम्मको लागि त्यस्तो उद्योगले विदेशी नागरिक नियुक्त गर्न सक्नेछ।

(३) उपदफा (२) को प्रयोजनको लागि निर्देशनालयले सिफारिस गर्दा त्यस्तो उद्योगले माग गरे बमोजिमको सीप वा दक्षता भएको जनशक्ति नेपाली नागरिकबाट पूर्ति गर्न प्रयास गरे वा नगरेको, त्यस्तो सीप वा दक्षता भएको जनशक्ति उद्योगलाई आवश्यक भए वा नभएको र त्यस्तो जनशक्ति नेपालमा उपलब्ध हुन सक्ने वा नसक्ने सम्बन्धमा यकिन गरी त्यस्तो जनशक्ति सम्बन्धित उद्योगलाई आवश्यक भएको र नेपालमा उपलब्ध हुन नसक्ने देखिएमा श्रम स्वीकृतिको लागि सिफारिस गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम नियुक्त गरिएको विदेशी नागरिक विशिष्ट प्रकारको प्राविधिक भई त्यस्तो जनशक्ति नेपालभित्र उपलब्ध हुन नसक्ने भएमा उपदफा (३) बमोजिम स्वीकृति लिई त्यस्तो जनशक्तिलाई थप दुई वर्षसम्मको लागि पुनः नियुक्त गर्न सकिनेछ।

(५) उपदफा (२) बमोजिम कुनै उद्योगमा विदेशी नागरिक नियुक्त भएमा निजको देशमा परिवर्त्य विदेशी मुद्रा प्रचलनमा रहेको भए विदेशी नागरिकले प्राप्त गरेको तलब, भत्ता, पारिश्रमिक रकमको बढीमा पचहत्तर प्रतिशतसम्म परिवर्त्य विदेशी मुद्रामा लैजान पाउनेछ।

(६) औद्योगिक जनशक्ति विकासका लागि प्रदेश सरकारले प्रदेशभित्र सञ्चालनमा रहेका उद्योगहरुको मागको आधारमा दक्ष जनशक्ति उत्पादनको लागि आवश्यक तालिम लगायतका व्यवस्था गर्नेछ।

(७) प्रदेशभित्र दर्ता भएको उद्योगहरु गैर कानूनी बन्द *हड्ताल मुक्त क्षेत्र हुनेछन्।

तर,

(क) यस दफामा अन्यत्र जे सुकै कुरा उल्लेख गरेका भए तापनि कामदार कर्मचारीलाई प्रचलित श्रम कानूनले दिएको अधिकारको उपभोग गर्न बाधा पुऱ्याएको मानिने छैन। उद्योगमा कार्यरत कामदार तथा कर्मचारीले उद्योगको सञ्चालन तथा त्यसको उत्पादनमा बाधा अवरोध पुग्ने गरी बन्द हड्ताल जस्ता कुनै पनि काम कारबाही गर्न पाउने छैनन्।

(ख) आफ्ना जायज मागहरु शान्तिपूर्ण ढंगले व्यवस्थापन समक्ष राख्न र आपसी समझदारीमा समाधान गर्न यो उपदफाले *बाधा पुऱ्याएको मानिने छैन।

*(८) उद्योगमा काम गर्ने श्रमिक र उद्योगबिच उत्पन्न व्यक्तिगत वा सामुहिक विवादको समाधान श्रम सम्बन्धी प्रचलित कानून बमोजिम गरिनेछ।

(९) योगदानमा आधारित सामाजिक सुरक्षा अनिवार्य लागू गर्नु पर्नेछ।

३०. **करार गरी उत्पादन गर्न सक्नेः** (१) प्रचलित कानून बमोजिम दर्ता भएको कुनै उद्योग वा कम्पनी वा फर्म वा प्रतिष्ठानले आपसमा करार (कन्ट्र्याक्ट) वा उपकरार (सव-कन्ट्र्याक्ट) गरी वस्तु वा सेवाको उत्पादन गर्न सक्नेछन्।

---

* दोस्रो संशोधनद्वारा संशोधित।

तर योगदानमा आधारित सामाजिक सुरक्षा र सरकारले तोकेको न्यूनतम सेवा सुविधा अनिवार्य लागू गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै निर्यातमूलक उद्योग वा निर्यात प्रवर्धन गृहको लागि तोकिए बमोजिमको मापदण्ड पूरा गरी करार (कन्ट्रयाक्ट म्यानुफ्याक्चरिङ्ग) वा उपकरार (सव-कन्ट्रयाक्ट म्यानुफ्याक्चरिङ्ग) का आधारमा निश्चित परिमाणमा वस्तु वा सेवाको उत्पादन गरी दिएमा त्यस्तो उद्योग वा कम्पनी वा फर्म वा प्रतिष्ठानलाई तोकिए बमोजिमको छुट, सुविधा र सहुलियत उपलब्ध गराउन सकिनेछ।

## परिच्छेद- ८

## उद्योग तथा लगानी प्रवर्धन *परिषद् सम्बन्धी व्यवस्था

**३१. उद्योग तथा लगानी प्रवर्धन *परिषद्को गठनः** (१) प्रदेशमा लगानी आकर्षित गरी उद्योग धन्दा स्थापनाका लागि प्रोत्साहन गर्न लगानी अभिवृद्धि, संरक्षण तथा विस्तार गरी उद्योग विकास र औद्योगीकरणका लागि आवश्यक सहजीकरण, समीक्षा, समन्वय तथा नीतिगत पृष्ठपोषणका कार्यका लागि देहाय बमोजिमको उद्योग तथा लगानी प्रवर्धन *परिषद् गठन गरिएको छः-

(क) *मन्त्री, उद्योग सम्बन्धी विषय हेर्ने मन्त्रालय -अध्यक्ष

(ख) प्रदेशको उद्योग सम्बन्धी काम गर्ने मन्त्रालयका राज्य मन्त्री -उपाध्यक्ष

(ग) प्रदेशको उद्योग सम्बन्धी काम गर्ने मन्त्रालयका सहायक मन्त्री -सदस्य

---

* दोस्रो संशोधनद्वारा संशोधित।

(घ) नीति तथा योजना आयोगको उद्योग हेर्ने सदस्य -सदस्य

(ङ) उद्योग, पर्यटनको क्षेत्रमा अनुभव प्राप्त व्यक्ति, वातावरणविद् मध्येबाट एक जना महिला अनिवार्य हुने गरी प्रदेश सरकारले मनोनयन गरेका तीन जना -सदस्य

(च) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय -सदस्य

(छ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(ज) प्रदेशको उद्योग सम्बन्धी काम गर्ने मन्त्रालयको सचिव -सदस्य

(झ) सचिव, ★श्रम र रोजगार सम्बन्धी विषय हेर्ने मन्त्रालय -सदस्य

(ञ) सचिव, ★कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय -सदस्य

(ट) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(ठ) सचिव, ★सहकारी सम्बन्धी विषय हेर्ने मन्त्रालय -सदस्य

✝(ठ१) सचिव, वन तथा वातावरण सम्बन्धी विषय हेर्ने मन्त्रालय -सदस्य

---

★दोस्रो संशोधनद्वारा संशोधित।

✝ दोस्रो संशोधनद्वारा थप



आन्तरिक मामिला तथा कानून मन्त्रालय

(ड) अध्यक्ष, प्रदेश स्तरीय ट्रेड युनियन -सदस्य

(ढ) प्रदेश अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ -सदस्य

(ण) प्रदेश अध्यक्ष, नेपाल उद्योग परिसंघ -सदस्य

(त) प्रदेश अध्यक्ष, नेपाल घरेलु तथा साना उद्योग महासंघ -सदस्य

(थ) निर्देशकस्तरको प्रतिनिधि, नेपाल राष्ट्र बैंक -सदस्य

(द) निर्देशक, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय -सदस्य-सचिव

तर,

(अ) प्रदेशको उद्योग सम्बन्धी काम गर्ने मन्त्रालयमा राज्यमन्त्री नियुक्त नभई सहायकमन्त्री नियुक्त भएको अवस्थामा सहायकमन्त्री उपाध्यक्ष हुनेछ।

(आ) विभिन्न मन्त्रालयका सचिव सदस्य हुने व्यवस्था भएकोमा सचिव वा निजले तोकेको प्रतिनिधि।

(२) *<u>परिषद्ले</u> आवश्यक देखेमा विषयसँग सम्बन्धित प्रदेश सरकारको कुनै अधिकृतस्तरको कर्मचारी वा कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकारलाई *<u>परिषद्को</u> बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(३) *<u>परिषद्को</u> सचिवालय उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयमा रहनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

---

* दोस्रो संशोधनद्वारा संशोधित।

(४) उपदफा (१) बमोजिमको *परिषद्मा कम्तीमा एकाउन्न प्रतिशत सदस्य उपस्थित नभई बैठक सञ्चालन हुने छैन। बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(५) *परिषद्को बैठक सम्बन्धी थप कार्यविधि *परिषद्ले निर्धारण गरे बमोजिम हुनेछ।

(६) *परिषद्ले गरेका निर्णयहरु तथा सम्पादन गरेका कामहरुको विवरण सहितको अभिलेख सचिवालयले अद्यावधिक गर्नु पर्नेछ।

(७) *परिषद्को बैठकमा निर्णयका लागि पेश हुने कुनै कार्यसूचीका सम्बन्धमा परिषद्को कुनै सदस्यको निजी सरोकार वा स्वार्थ रहेको भएमा त्यस्तो निर्णय प्रक्रियामा निजले *परिषद्लाई जानकारी गराई भाग लिनु हुँदैन।

(८) *परिषद्को कामको सिलसिलामा आफ्नो जानकारीमा आएको कुनै सूचना अनाधिकृत तवरले अन्य कुनै व्यक्तिलाई जानकारी गराउनु हुँदैन।

३२. ***परिषद्को काम, कर्तव्य र अधिकारः*** (१) *परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) औद्योगिक तथा लगानी प्रवर्धन, लगानीको संरक्षण, अभिवृद्धि तथा औद्योगीकरण सम्बन्धी नीतिगत निर्णयका लागि प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(ख) प्रदेशको समग्र औद्योगीकरण सम्बन्धी नीतिगत, कानूनी, संस्थागत र प्रक्रियागत संरचना एवं कार्यप्रणालीको नियमित समीक्षा गरी त्यसमा

---

* दोस्रो संशोधनद्वारा संशोधित।



आन्तरिक मामिला तथा कानून मन्त्रालय

आवश्यक सुधार गर्न प्रदेश सरकार समक्ष सुझाब पेश गर्ने,

(ग) उद्योग सम्बन्धी कानूनको कार्यान्वयनमा कुनै बाधा, अड्काउ वा द्विविधा उत्पन्न भएमा त्यसको समाधानको लागि सहजीकरण गर्ने,

(घ) प्रचलित कानूनको अधीनमा रही विदेशी लगानी र प्रविधि हस्तान्तरण सम्बन्धी आवश्यक नीतिगत निर्णय गर्न प्रदेश सरकारलाई सिफारिस तथा सहजीकरण गर्ने,

(ङ) औद्योगिक लगानी तथा विदेशी लगानी अभिवृद्धि गर्न तथा प्रोत्साहन दिन आवश्यकता अनुसार अध्ययन, अनुसन्धान तथा सर्वेक्षण गर्ने सम्बन्धमा प्रदेश सरकार समक्ष सिफारिस तथा सुझाव पेश गर्ने,

(च) औद्योगिक प्रदूषण नियन्त्रण सम्बन्धी नीतिगत निर्णयका लागि प्रदेश सरकार समक्ष सिफारिस पेश गर्ने,

(छ) औद्योगिक विकास तथा उद्यमशीलता विकासको स्थितिको समग्र मूल्याङ्कन तथा समीक्षा गरी आवश्यक कदम चाल्न प्रदेश सरकार समक्ष सुझाव तथा सिफारिस पेश गर्ने,

(ज) यस ऐन तथा प्रचलित कानून बमोजिम उद्योगले पाउने सेवा, सुविधा तथा सहुलियत उद्योगहरुलाई दिलाउन कुनै कठिनाई आइपरेमा सोको निराकरण गरी कार्यान्वयन गर्न सिफारिस गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(झ) उद्योगको वर्गीकरणको अनुसूचीमा कुनै थपघट वा परिवर्तन गर्नु पर्ने भएमा प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(ञ) औद्योगिक लगानी अभिवृद्धि गर्न तथा प्रोत्साहनका लागि स्वदेशी वस्तु प्रयोग सम्बन्धी नीति तर्जुमा गरी सार्वजनिक निकायमा स्वदेशी वस्तु उपयोग गर्ने, गराउने वातावरण सृजना गर्ने,

(ट) सार्वजनिक, निजी र सहकारी क्षेत्रको प्रभावकारी, समन्वयात्मक र सामञ्जस्यपूर्ण सहकार्यमा प्रतिस्पर्धात्मक औद्योगिक वातावरण निर्माण गर्न आवश्यक सहजीकरण गर्ने,

(ठ) प्रदेशस्तरका औद्योगिक क्षेत्र, औद्योगिक पार्क, औद्योगिक जोन, औद्योगीक क्लस्टर, औद्योगिक ग्राम, लघु तथा घरेलु उद्योग ग्राम तथा औद्योगिक करिडोर रहने क्षेत्र सिफारिस गर्ने,

(ड) प्रदेशमा औद्योगीकरणको गतिलाई तीब्रता दिन आवश्यक समन्वय गर्ने,

(ढ) उद्योगको उत्पादन वा कारोबारमा कुनै किसिमको अवरोध भएमा सो को निराकरणको लागि प्रदेश सरकार, स्थानीय तह वा अन्य सम्बद्ध निकायहरु बीच सहजीकरण गर्ने,

(ण) उद्योगी तथा श्रमिकको गुनासो सुनुवाई गरी समस्या समाधान गर्ने वा गराउने तथा सम्बन्धित निकायलाई मार्गदर्शन गर्ने,



आन्तरिक मामिला तथा कानून मन्त्रालय

(त) उद्योगलाई आवश्यक पर्ने विद्युत, पानी, दूरसञ्चार, जग्गा, सडक, ढल निकास जस्ता पूर्वाधार सेवा उपलब्ध गराउने सम्बन्धमा समयबद्ध व्यवस्था गर्न आवश्यक निर्णय गरी सोको कार्यान्वयन गर्ने, गराउने,

(थ) एकल बिन्दु सेवा केन्द्रबाट उपलब्ध गराउने सुविधा एवं सहुलियत नपाएको भनी लगानीकर्ताले दिएको निवेदनमा जाँचबुझ गरी गराई सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,

(द) प्रदेशको एकीकृत औद्योगिक सूचना व्यवस्थापन प्रणालीको विकास गरी प्रयोगमा ल्याउन प्रदेश सरकारलाई आवश्यक सुझाव दिने,

(ध) उद्योगहरुको अनुगमन तथा निरीक्षणका लागि आवश्यक फारम स्वीकृत गर्ने,

✝(ध१) अनुसूची १ मा उल्लिखित उद्योगहरूलाई सहमति प्रदान गर्ने।

(न) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उद्योग व्यवसायमा प्रत्यक्ष असर पर्ने गरी कुनै कानून तथा नीति तर्जुमा, संशोधन तथा परिमार्जन गर्दा मन्त्रालय मार्फत ★परिषद्सँग परामर्श लिनु पर्नेछ।

३३. **एकल बिन्दु सेवा केन्द्रको स्थापनाः** (१) यस ऐन तथा प्रचलित अन्य कानून बमोजिम उद्योग वा लगानीकर्तालाई प्राप्त हुने छुट,

---

✝ दोस्रो संशोधनद्वारा थप।

★ दोस्रो संशोधनद्वारा संशोधित।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

सुविधा वा सहुलियत, उद्योगको लागि आवश्यक पर्ने पूर्वाधार सम्बन्धी सेवा लगायत अन्य सबै सेवाहरु सरल र सहज रूपमा एकै थलोबाट उपलब्ध गराउन प्रदेश सरकारले समिति मातहत रहने गरी एकल बिन्दु सेवा केन्द्रको स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम एकल बिन्दु सेवा केन्द्र स्थापना तथा सञ्चालन गर्दा बीसवटा भन्दा बढी उद्योगहरु दर्ता भएको औद्योगिक क्षेत्र, कोरिडोर पार्क तथा जोनमा एउटा सेवा केन्द्र रहनेछ।

(३) उपदफा (१) बमोजिम एकल बिन्दु सेवा केन्द्रले औद्योगिक क्षेत्र, कोरिडोर पार्क तथा जोनमा भन्दा बाहिर स्थापना भएका उद्योगलाई समेत सेवा दिनेछ।

(४) एकल बिन्दु सेवा केन्द्रको सञ्चालन तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ९

## विविध

३४. **विषयगत उद्योग संघः** प्रचलित कानून बमोजिम दर्ता भएका विषयगत उद्योग संघलाई उद्योगको विकास, प्रवर्धन र गुणस्तर कायम गराउन तथा उद्योगहरुलाई नियम संगत ढंगबाट सञ्चालन र उद्योगीहरु बीचको सम्बन्ध सुमधुर बनाई स्वस्थ प्रतिस्पर्धाको लागि विषयगत उद्योग संघलाई परिचालन गरिनेछ। संघको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

३५. **साझेदार गर्न सक्नेः** (१) यस ऐनको अधीनमा रही देहाय बमोजिम साझेदारीमा उद्योग व्यवसाय र परियोजना सञ्चालन गर्न सक्नेछन्:-

(क) दुई वा दुईभन्दा बढी सहकारी संस्था,

(ख) सहकारी संस्था तथा कम्पनी,



आन्तरिक मामिला तथा कानून मन्त्रालय

(ग) सहकारी संस्था तथा सहकारी संघ,

(घ) दुई वा दुईभन्दा बढी सहकारी संघ,

(ङ) सहकारी संस्था, सहकारी संघ कम्पनी तथा सरकार (स्थानीय तह, प्रदेश सरकार)।

(२) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी कुनै जिल्ला वा जिल्लाभित्रका कुनै क्षेत्रलाई विशेष उत्पादन जिल्ला वा क्षेत्र घोषणा गरी विशेष कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(३) उद्योगबाट प्रत्यक्ष प्रभावित स्थानीय व्यक्तिहरुलाई नियमावलीमा व्यवस्था भए बमोजिम रोजगारी दिनु पर्नेछ।

(४) परम्परागत प्रविधिद्वारा सञ्चालित उद्योगलाई आधुनिक प्रविधिद्वारा सञ्चालन गरी उत्पादन क्षमता वृद्धि गर्न प्रदेश सरकारले विशेष कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(५) विभिन्न कारणबाट नवीकरण हुन नसकेका उद्योगलाई जरिबाना लिई एक पटकको लागि प्रदेश सरकारले तीन महिनाको समय दिई नवीकरण गराउन सक्नेछ।

*(६) उपदफा (१) बमोजिम स्थापना भएका लघु उद्यम दर्ता र नवीकरण गर्दा कुनै शुल्क लाग्ने छैन्।

(७) आधिकारिक इमेल ठेगाना परिवर्तन भएमा जानकारी गराउनु पर्नेछ।

३६. **<u>विशेष आर्थिक क्षेत्र सम्बन्धी व्यवस्थाः</u>** औद्योगिक क्रियाकलापलाई सघन रूपमा सञ्चालन गर्नका लागि विशेष आर्थिक क्षेत्र वा विशेष व्यापारिक क्षेत्र वा पर्यटकीय क्षेत्र वा अन्य कुनै क्षेत्र रहने गरी

---

* दोस्रो संशोधनद्वारा संशोधित।

प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी प्रदेशभित्रको कुनै स्थान वा क्षेत्रलाई तोक्न सक्नेछ।

३७. **औद्योगिक वर्षको घोषणा:** व्यापक रूपमा नयाँ उद्योगहरु दर्ता तथा सञ्चालनको लागि लगानी कर्ताहरुलाई प्रोत्साहित गर्न कुनै निश्चित वर्षलाई औद्योगिक वर्ष घोषणा गरी सहज ढंगले उद्योग दर्ता गर्ने व्यवस्थाका साथै सो वर्ष दर्ता हुने नयाँ उद्योगलाई विशेष सहुलियत प्रदान गर्ने गरी प्रदेश सरकारले औद्योगिक वर्ष घोषणा गर्न सक्नेछ। साथै औद्योगिक वर्ष घोषणा भएको वर्ष दर्ता हुने उद्योगलाई प्रदेश सरकारले तोकिए बमोजिम छुट, सुविधा र सहुलियतहरु प्रदान गर्न सक्नेछ।

३८. **अधिकार प्रत्यायोजन:** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम समितिलाई प्राप्त भएको अधिकारमध्ये कुनै वा सबै अधिकार समितिले आवश्यकता अनुसार मन्त्रालयको सचिव, निर्देशनालयको निर्देशक वा प्रदेश सरकारको कुनै कार्यालय वा अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम सम्बन्धित निकायलाई प्राप्त भएको अधिकारमध्ये सबै वा कुनै अधिकार अधिकार प्राप्त अधिकारी वा निकायले आवश्यकता अनुसार कुनै कार्यालय वा अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

*३९. **कोषको स्थापना र सञ्चालन:** (१) प्रदेश सरकारले प्रदेशको औद्योगिक लगानी प्रवर्द्धन तथा संरक्षणका लागि "प्रदेश औद्योगिक तथा लगानी प्रवर्द्धन कोष" स्थापना गर्न सक्नेछ।

---

* दोस्रो संशोधनद्वारा संशोधित।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहबाट प्राप्त रकम,

(ख) स्वदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ग) यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेका लघु, घरेलु तथा साना उद्यम विकास कोष, लघु, घरेलु तथा साना उद्योग कर्जा प्रवाह कोष, प्रविधि विकास कोष, महिला उद्यमशीलता विकास कोष, जोखिम पूँजी (भेञ्चर क्यापिटल) कोष, रुग्ण उद्योग पुनरूत्थान, पुनर्निर्माण तथा व्यवस्थापन कोष र औद्योगिक लगानी संरक्षण तथा प्रवर्द्धन कोषबाट भएको लगानी फिर्ता बापत प्राप्त वा त्यस्तो कोषमा रहेको रकम,

(घ) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त हुने द्विपक्षीय वा बहुपक्षीय अनुदान वा सहयोग रकम,

तर विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ संस्थाबाट अनुदान वा सहयोग प्राप्त गर्नु अघि नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको कोषको रकम देहायको कार्यमा खर्च गर्न सक्नेछः-

(क) लघु उद्यम, घरेलु तथा साना उद्योग विकास,

(ख) प्रविधि विकास,

(ग) औद्योगिक विकास,

(घ) रुग्ण उद्योग पुनरुत्थान, पुनर्निर्माण तथा व्यवस्थापन,

(ङ) महिला उद्यमशीलता विकास।

(च) प्रदेश सरकारले आवश्यक देखेका अन्य उपयुक्त क्षेत्रहरु।

(४) कोषको रकम उपदफा (३) बमोजिमको कार्यमा खर्च गर्दा कोषको स्वीकृत वार्षिक कार्यक्रमको अधीनमा रही लगानी तथा खर्च गर्नु पर्नेछ।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको प्रयोजनका लागि कोषको रकम खर्च गरिने छैनः-

(क) कुनै सरकारी वा गैरसरकारी कर्मचारीलाई पारिश्रमिक, तलब, भत्ता वा सुविधा उपलब्ध गराउन,

(ख) कुनै सरकारी वा गैर सरकारी कर्मचारीलाई भ्रमण खर्च वा अन्य यस्तै प्रकृतिको खर्च उपलब्ध गराउन,

(ग) कसैलाई चन्दा, पुरस्कार, उपहार वा अनुदान प्रदान गर्न,

(घ) औद्योगिक तथा लगानी प्रवर्द्धन सम्बन्धी विषयमा खर्च गर्ने बाहेक कसैलाई आर्थिक सहायता उपलब्ध गराउन।

(६) कोषको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४०. **<u>जिल्ला उद्योग प्रवर्धन समितिको गठन</u>**: (१) जिल्लामा उद्योग प्रवर्धन सम्बन्धी कार्यलाई प्रभावकारी बनाउन जिल्ला समन्वय समितिका



आन्तरिक मामिला तथा कानून मन्त्रालय

प्रमुखको अध्यक्षतामा सम्बन्धित निकाय र सरोकारवालाको समेत प्रतिनिधित्व हुने गरी जिल्ला उद्योग प्रवर्धन समिति गठन गरिनेछ।

(२) जिल्ला उद्योग प्रवर्धन समितिको गठन तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

४१. **<u>व्यवसायिक सामाजिक जिम्मेवारी</u>**: प्रचलित कानून बमोजिम उद्योगहरुले व्यवसायिक सामाजिक जिम्मेवारी बहन गर्नु पर्नेछ।

♦४१क. **<u>विवरण पेस गर्नु पर्ने</u>**: (१) यस ऐन बमोजिम उद्योग दर्ता गर्ने सम्बन्धित निकायले उद्योग हेर्ने निर्देशनालयलाई उद्योगको दर्ता, नवीकरण लगायतको उद्योग सम्बन्धी भए गरेका तथ्याङ्कको विवरण मासिक रूपमा पठाउनु पर्नेछ।

(२) उद्योग दर्ता गर्ने सम्बन्धित निकाय उद्योग क्षेत्रको विषयको हकमा उद्योग हेर्ने मन्त्रालयसँग प्रत्यक्ष रूपमा उत्तरदायी हुनेछ।

४२. **<u>बाधा अड्काउ फुकाउने अधिकार</u>**: यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

४३. **<u>अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने</u>**: प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यकता अनुसार हेरफेर, थपघट वा परिमार्जन गर्न सक्नेछ।

४४. **<u>यसै ऐन बमोजिम हुने</u>**: यो ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम हुनेछ र यसमा उल्लेख नभएका उद्योगसँग सम्बन्धित अन्य विषयका हकमा प्रचलित कानून बमोजिम हुनेछ।

४५. **<u>नियमावली बनाउने अधिकार</u>**: यस ऐनलाई कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियमावली बनाउन सक्नेछ।

---

♦ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थप।

४६. **<u>निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्ने:</u>** प्रदेश सरकारले उद्योगको दर्ता, नियमन, औद्योगिक प्रदूषण नियन्त्रण, कामदारको स्वास्थ्य तथा सुरक्षा, औद्योगिक व्यवसायिक सुरक्षा, औद्योगिक पूर्वाधार, अनुमति लिनुपर्ने उद्योगको व्यवस्थापन तथा प्रविधि हस्तान्तरण सम्बन्धी काम कारबाहीलाई सरल बनाउन आवश्यकता अनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेछ।

४७. **<u>प्रचलित ऐन लागू नहुने:</u>** सहकारी संस्थाद्वारा सञ्चालन हुने उद्योग, व्यवसायको नाम उपलब्ध गराई पाउन प्रदेश औद्योगिक व्यवसाय सञ्चालन तथा स्थापना गर्न बनेको ऐन अन्तर्गतका काम कारबाही गर्न अधिकार प्राप्त निकाय वा उद्योग, व्यवसाय दर्ता गर्न अधिकार प्राप्त निकायहरुमा माग गरेमा प्राथमिकताको आधारमा नाम उपलब्ध गराई प्रचलित कानून बमोजिम अभिलेख राख्नु पर्नेछ। सहकारी संस्थाद्वारा सञ्चालित उद्योगलाई प्रदान गरिएको नाम संस्थालाई प्रदान गरिने छैन।

४८. **<u>बचाउ:</u>** यो ऐन प्रारम्भ हुनुभन्दा पहिला औद्योगिक व्यवसाय ऐन, २०७३ बमोजिम भए गरेका कामहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

## अनुसूची- १

(दफा ७ सँग सम्बन्धित)

## सहमति लिनु पर्ने उद्योग

(१) चुरोट, बिँडी, खैनी, सिँगार तथा सुर्ती मुख्य कच्चा पदार्थ हुने वस्तु उत्पादन गर्ने उद्योग,

(२) बियर तथा मदिरा उत्पादन गर्ने उद्योग,

(३) ढुंगा गिट्टी, बालुवा उत्खनन, प्रशोधन गर्ने मझौला तथा ठूला उद्योग,

(४) रेडियो सञ्चार उपकरण उत्पादन गर्ने उद्योग,

⋆(५) मार्वल, ग्रेनाईट, चुनढुङ्गा, खरीढुङ्गा, ईट्टा, ह्युमपाईप उद्योग,

♣(६) खानी अन्वेषण गर्ने उद्योग,

(७) निर्यात प्रयोजनका लागि उत्पादन गर्ने घरायसी हतियारहरु जस्तैः खुकुरी, कर्द, चुप्पी, चुलेसी, स्याङ्गी बन्चरो आदि,

♣(८) यस ऐनमा उल्लेख नभएका तर सङ्घीय सरकारबाट प्रदेशलाई हस्तान्तरण भई आएका जुनसुकै उद्योग तथा प्रचलित कानून बमोजिम अनुमति/सहमति लिनु पर्ने उद्योग।

---

⋆ दोस्रो संशोधनद्वारा संशोधित।

♣ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

## अनुसूची- २

(दफा १५ को उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धित)

## घरेलु उद्योग

(१) ह्याण्ड लूम, पेडल लूम, सेमी-अटोमेटिकटिक लूम, कपडा वार्पिङ्ग, परम्परागत प्रविधिबाट गरिने रङ्गाई, छपाई, सिलाई (तयारी पोशाक बाहेक) र बुनाई,

(२) ऊन र रेशममा आधारित हाते बुनाईका राडी, पाखी, गलैंचा, पश्मिना, पोशाक, हातेकागज र सोमा आधारित वस्तु,

(३) परम्परागत कलामा आधारित वस्तु,

(४) परम्परागत मूर्तिकला,

(५) तामा, पित्तल, ढलौट, कास र जर्मन सिल्भर जस्ता धातुबाट हस्तनिर्मित भाँडावर्तन तथा हस्तकलाका सामान,

(६) फलामबाट बनेका हस्तनिर्मित भाँडा वर्तन तथा घरायसी प्रयोगका चक्कु, चुलेसी, कर्द, चुप्पी, चुलेसी, स्याङ्गी, बन्चरो, खुकुरी, हँसिया, कुटो, कोदालो जस्ता परम्परागत औजारहरु,

(७) सुन चादीबाट हस्तनिर्मित गरगहना, वस्तु, भाँडा-वर्तनहरु, बहुमूल्य, अर्ध (बहुमूल्य तथा पत्थर जडान भएका समेत),

(८) स्वदेशमा उपलब्ध किमति, अर्ध किमति तथा साधारण पत्थर कटाई उद्योग, ग्रामिण ट्यानिङ्ग र छालाबाट हस्त निर्मित वस्तुहरु,

(९) जुट, सवाइ घाँस, चोया, बाबियो, सुती धागो, अल्लो आदि प्राकृतिक रेशामा आधारित उद्योग।

(१०) पत्थरकला (ढुंगा कुदी बनाइएका सामानहरु),

(११) पौभा, थाङ्का चित्र र अन्य परम्परागत चित्रकला,

(१२) मुकुण्डो (मास्क) तथा परम्परागत संस्कृति दर्शाउने पुतली र खेलौना,

(१३) परम्परागत संस्कृति, बाजागाजा र कला दर्शाउने विभिन्न प्रकारका हस्तकलाका वस्तु,

(१४) काठ, हाड, सिङ तथा माटो, चट्टान र खनिजका कलात्मक वस्तुहरु, सेरामिक्स तथा माटाका भाँडाकुँडा,

(१५) हातले छाप्ने ईटा उद्योग,

(१६) अपांगता (फरक क्षमता) भएका व्यक्तिहरुले प्रयोग गर्ने साधन तथा उपकरण मर्मत उद्योग।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

## अनुसूची- ३

(दफा १५ को उपदफा (२) को खण्ड (क) सँग सम्बन्धित)

**ऊर्जामूलक उद्योग**

(१) जलस्रोत, वायु, सौर्यशक्ति, ग्याँस, वायोमास, फोहोर र गोबर ग्याँसबाट ऊर्जा उत्पादन गर्ने उद्योग, त्यस्तो उर्जा उत्पादन गर्न प्रयोग गरिने मेसिन र उपकरण निर्माण गर्ने उद्योग,

(२) प्रादेशिक विद्युत प्रशारण एवं वितरण प्रणाली,

♦(३) बायो ग्याँसमा आधारित ऊर्जा,

♦(४) चिनी उद्योगको सह उत्पादनको रूपमा उत्पादन हुने विद्युतीय ऊर्जा,

♦(५) ऊर्जाको सम्भाव्यता अध्ययन गर्ने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

♦ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थप।

## अनुसूची- ४

(दफा १५ को उपदफा (२) को खण्ड (ग) सँग सम्बन्धित)

## कृषि तथा वन पैदावारमा आधारित उद्योग

(१) फलफूल खेती वा फलफूल प्रशोधन,

(२) ♣खाद्य वस्तुको उत्पादन र प्रशोधन तथा भण्डारण,

(३) पशुपालन, पंक्षीपालन (अष्ट्रिच समेत), पशुपंक्षी प्रजनन र मासु उत्पादन तथा प्रशोधन,

(४) दूध तथा दुग्धजन्य उद्योग,

(५) मत्स्यपालन, माछा भुरा उत्पादन, प्रशोधन एवं प्याकेजिङ्ग,

♦(५क) कृषि उपज प्रमुख कच्चा पदार्थ हुने पशुपंक्षीको दाना उत्पादन उद्योग,

(६) रेशम खेती तथा रेशम प्रशोधन,

(७) चिया बगान, चिया प्रशोधन,

(८) कफी खेती, कफी प्रशोधन,

(९) जडीबुटी खेती, जडीबुटी प्रशोधन,

(१०) तरकारी बीउ बिजन उत्पादन,

(११) तरकारी खेती, तरकारी प्रशोधन,

(१२) हरित गृह स्थापना र सञ्चालन,

(१३) मौरीपालन (मौरी प्रजनन, मह उत्पादन र प्रशोधन),

(१४) पुष्प खेती, पुष्प प्रशोधन (माला बनाउने, सजावट गर्ने, गुच्छा बनाउने र बीउ बिजन उत्पादन समेत),

(१५) ♣नर्सरी व्यवसाय, वनस्पति उद्यान स्थापना, संरक्षण तथा व्यवस्थापन, वनस्पति प्रजनन् व्यवसाय (टिस्युकल्चर समेत)

(१६) रबर खेती, रबरको प्रारम्भिक प्रशोधन र सञ्चालन,

आन्तरिक मामिला तथा कानून मन्त्रालय

---

♣ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

♦ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थप।

(१७) शीत भण्डार, कृषि बजार

(१८) नगदेबालीको व्यवसायिक खेती तथा प्रशोधन (जस्तैः ऊखु, कपास, सनपाट, सजीवन, स्वीट सरघम, स्टेभिया रेवौडिएन, सुर्ती, जुट, अलैंची, अदुवा, केशर, तेलहन र यस्तै मसलावाली, दलहन आदि),

(१९) वेत, बाँस खेती र वेत बाँसजन्य उत्पादनहरु,

(२०) वनस्पति उद्यान स्थापना र व्यवस्थापन,

(२१) वनस्पति प्रजनन व्यवसाय (टिस्युकल्चर समेत) ,

(२२) बीउबिजन प्रशोधन,

(२३) *कागज, रेजिन लगायत गैर काष्ठजन्य वन पैदावारमा आधारित उद्योग,

(२४) जैबिक प्रविधि सम्बन्धी उद्योग

(२५) *समिल, फर्निचर तथा वन पैदावारमा आधारित काष्ठ उद्योग,

(२६) निजी कृषि वन उद्योग

(२७) नरिवल, सुपारी, अल्लो, सिस्नु खेतीमा आधारित उद्योग,

♦(२८) च्याउ, नयाँ प्रविधिद्वारा बिरुवा उत्पादन गर्ने उद्योग (टिस्युकल्चर), ऐग्रोफरेष्ट,

♦(२९) कपास खेती, कपास र कपासको बिउ उत्पादन तथा प्रशोधन गर्ने।

---

* केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

♦ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थप।



आन्तरिक मामिला तथा कानून मन्त्रालय

## अनुसूची- ५

(दफा १५ को उपदफा (२) को खण्ड (ङ) सँग सम्बन्धित)

### *पूर्वाधार उद्योग

(१) * सडक, पूल, सुरुङ्ग,

(२) रोप-वे, ट्राम, ट्रलिबस, केबुल कार, मोनोरेल र स्लाईडिङ्ग कार,

(३) औद्योगिक संरचना एवं पूर्वाधार कम्प्लेक्स,

(४) सभा सम्मेलन केन्द्र,

(५) ढल तथा ढल निकास,

(६) खानेपानी आपूर्ति तथा वितरण,

(७) सिँचाइ पूर्वाधार, ताल पूर्वाधार

(८) खेलकुद गृह, रङ्गशाला,

(९) सवारी पार्किङ्ग स्थल, पार्किङ्ग गृह,

(१०) कार्गो कम्प्लेक्स,

(११) दूषित पानी प्रशोधन केन्द्र,

(१२) घर तथा आवास भवन, एकीकृत आवास,

(१३) ♣फिल्म स्टुडियो निर्माण, फिल्म सिटी निर्माण,

(१४) व्यापारिक कम्प्लेक्स,

(१५) स्वीमिङ्ग पूल,

♦(१६) निजी वेयर हाउस,

♦(१७) प्रादेशिक ऊर्जा घर तथा ऊर्जा प्रसारण लाइनको पूर्वाधार निर्माण व्यवस्था तथा सञ्चालन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

---

* दोस्रो संशोधनद्वारा संशोधित।

♣ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

♦ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थप।

## अनुसूची- ६

(दफा १५ को उपदफा (२) को खण्ड (च) सँग सम्बन्धित)

### पर्यटन उद्योग

(१) पर्यटक आवास, मोटेल, होटेल, रिसोर्ट तथा रेष्टुराँ,

(२) हिलिङ्ग सेन्टर, मसाज स्पा, साउना, ज्याकुजी,

(३) ♣ट्राभल एण्ड टुर्स, ट्राभल एजेन्सी,

(४) साहसिक पर्यटनः स्किइङ्ग, ग्लाइडिङ्ग, वाटर र्‍याफ्टिङ्ग, हट एयर व्यालुनिङ्ग, क्यानोनिङ, प्यारा सेलिङ्ग हात्तीसवार, घोडचढी, बन्जी जम्पिङ्ग, गल्फ कोर्स, पोलो, ट्रेकिङ्ग, पदयात्रा, जिपफ्लाएर, साइक्लिइङ्ग, अफरोड ड्राइभिङ्ग, जीप सफारी, ♦जिप लाईन

♦(४क) केबलकारको निर्माण गरी सञ्चालन गर्ने उद्योग,

(५) ग्रामिण पर्यटन, होमस्टे तथा पर्यावरणीय पर्यटन (पर्या पर्यटन),

(६) साँस्कृतिक, धार्मिक पर्यटन,

(७) औद्योगिक व्यवसायिक प्रदर्शनी, सभा सम्मेलन पर्यटन,

(८) ♣मनोरञ्जन पार्क, भ्यू टावर, वाटर पार्क,

(९) ट्राभल तथा ट्रेकिङ्ग, पर्यटकीय गाइड,

(१०) डुंगा व्यवसाय, मोटरबोट, बोटिङ्ग, जल पर्यटन, क्रुज, ✝जलक्रिडा (वाटर इन्टरटेनमेन्ट),

(११) खेलकुद पर्यटन,

♦(१२) सङ्ग्राहलय।

---

♣ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

♦ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थप।

✝ दोस्रो संशोधनद्वारा थप।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

## अनुसूची- ७

(दफा १५ को उपदफा (२) को खण्ड (छ) सँग सम्बन्धित)

## <u>सूचना, प्रसारण तथा सञ्चार प्रविधिमा आधारित उद्योग</u>

### खण्ड (क)

<u>सूचना प्रविधि उद्योग</u>

(१) टेक्नोलोजी पार्क,

(२) आई.टी. पार्क,

(३) सफ्टवेयर विकास,

(४) कम्प्यूटर तथा सम्बन्धित सेवाहरु

(५) तथ्याङ्क प्रशोधन,

(६) साइवर क्याफे,

(७) डिजिटल म्यापिङ्ग,

(८) विजिनेस प्रोसेस आउटसोर्सिङ्ग (वी.पी.ओ.), ✝<u>नलेज प्रोसेस ङ्कउटसोर्सिङ (के.पी.ओ),</u>

(९) अनलाइन,

♦(१०) डाटा सेन्टर, डाटा माइनिङ, क्लाउड कम्प्युटिङ,

♦(११) डिजीटल सिग्नेचर सर्टिफाइङ्ग एजेन्सी,

♦(१२) वेब पोर्टल, वेब डिजाइन सेवा, वेब होस्टिङ, अनलाइन वर्गीकृत विज्ञापन।

---

✝ दोस्रो संशोधनद्वारा थप।

♦ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थप।



आन्तरिक मामिला तथा कानून मन्त्रालय

## खण्ड (ख)

सूचना, प्रसारण प्रविधिमा आधारित उद्योग

(१) ♣१००० वाट सम्मका एफ.एम. र डिजिटल रेडियो सेवा,

(२) रेकर्डिङ्ग स्टुडियो, प्रसारण स्टुडियो,

(३) प्रिन्ट मिडिया उद्योग, अडियो भिजुअल सामग्री उत्पादन उद्योग, विज्ञापन निर्माण उद्योग,

(४) ♣चलचित्र वा वृतचित्र निर्माण, वितरण र प्रसारण सम्बन्धी,

(५) सिनेमा हल, मल्टीफ्लेक्स सञ्चालन,

(६) केबलमा आधारित टेलिभिजन,

(७) ♣इन्टरनेट, आइ.पी. टेलिभिजन, अनलाइन सेवा।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

♣ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

## अनुसूची- ८

(दफा १५ को उपदफा (२) को खण्ड (ज) सँग सम्बन्धित)

## सेवामूलक उद्योग

(१) यान्त्रिक कार्यशाला (वर्कशप),
(२) छापाखाना तथा छपाई सम्बन्धी सेवा,
(३) पेशागत अनुसन्धान तथा विकास, व्यवस्थापन, इन्जिनियरिङ्ग तथा डिजाइन, कानूनी, लेखा, लेखापरीक्षण, शिक्षण प्रशिक्षण, शैक्षिक तथा प्राविधिक परामर्श सेवाहरु,
(४) प्रदर्शनी सेवा, म्युजिकल व्याण्ड,
(५) साँस्कृतिक तथा मनोरञ्जनात्मक व्यवसाय,
(६) निर्माण व्यवसाय,
(७) सार्वजनिक यातायात व्यवसाय,
(८) फोटोग्राफी,
(९) अस्पताल,
(१०) नर्सिङ्ग होम,
(११) शिक्षण एवं प्रशिक्षण संस्था,
(१२) पुस्तकालय, अभिलेखालय तथा संग्रहालय सेवा,
(१३) प्रयोगशाला,
(१४) *खेलकुद सेवा, स्वीमिङ्ग पुल,
(१५) शीत भण्डार सञ्चालन (गैह्र कृषिजन्य),
(१६) हाउस वायरिङ्ग इलेक्ट्रिकल फिटिङ्ग र मर्मत,
(१७) फोहोरमैला संकलन तथा सरसफाइ, फोहरमैला पुनः प्रशोधन,
(१८) घर जग्गा खरिद गरी भूमि विकास गरी बिक्री गर्ने व्यवसाय,
(१९) निर्माण सम्बन्धी भारी उपकरण (हेभी इक्वीपमेण्ट) भाडा, मर्मत तथा सञ्चालन,

आन्तरिक मामिला तथा कानून मन्त्रालय

---

* केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

(२०) पशु चिकित्सा सेवा,

(२१) व्याट्री रिचार्जिङ्ग,

(२२) स्वास्थ्य परीक्षण (एक्स-रे, सिटी स्क्यान, एम.आर.आइ, अल्ट्रासाउन्ड जस्ता सेवाहरु) तथा स्वास्थ्य परीक्षण प्रयोगशाला,

(२३) खाद्यान्न कुटानी, पिसानी, पेलानी र प्याकिङ्ग गर्ने कार्य,

(२४) कपडा तथा धागो रङ्गाई, साइजिङ्ग र कपडा छपाई (कपडा बुन्ने उद्योगले आफ्नो प्रयोजनको लागि गरेकोमा बाहेक),

(२५) कार्गो व्यवसाय,

(२६) प्याकेजिङ्ग, रिफिलिङ्ग सेवा (एल.पी.जी. ग्याँस रिफिलिङ्ग र सवारी ग्याँस रिफिलिङ्ग गर्ने स्टेशन समेत),

(२७) कुरियर सेवा,

(२८) ड्राइक्लिनिङ्ग व्यवसाय,

(२९) व्यूटी पार्लर,

(३०) आन्तरिक सजावट (इण्टेरियर डेकोरेशन),

(३१) सुरक्षा सेवा प्रदान गर्ने व्यवसाय,

(३२) प्रकाशन सेवा,

(३३) विज्ञापन सेवा,

(३४) विज्ञापन सामग्री तयार गर्ने सेवा,

(३५) टेलिभिजनबाट प्रसारण गर्न बनाइएका कार्यक्रम र डकुमेन्ट्री टेलिफिल्म उत्पादन तथा प्रसारण,

(३६) स्वाइल टेष्टिङ्ग सेवा,

(३७) स्वास्थ्य (हेल्थ क्लव),

(३८) *<u>पानी प्रशोधन, पानी ढुवानी तथा वितरण सेवा,</u>

(३९) जुलोजिकल पार्क सञ्चालन,

(४०) जियोलोजिकल पार्क सञ्चालन,

---

* केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(४१) व्यवसाय सम्वर्धन सेवा (विजिनेस इन्क्यूवेसन सर्भिस),
(४२) व्यापारिक कम्प्लेक्स सञ्चालन,
(४३) वायोटेक पार्क,
(४४) मल्टिप्लेक्स थियटर,
(४५) सिलाई बुनाई,
(४६) ढुवानी सेवा,
(४७) नक्शा डिजाइन सम्बन्धी सेवा,
(४८) अनुसन्धान तथा विकास सेवा,
(४९) फुटसल,
(५०) *क्याटरिङ्ग, घुम्ती खाद्य स्टल, फुड कोर्ट, पार्टि प्यालेस,
(५१) बालुवा प्रशोधन फिरफिरे,
(५२) साहित्यिक, लोक दोहरी तथा गजल साउण्ड म्युजिकल उपकरण सेवा,
(५३) मेसिनरी वा उपकरण भाडामा दिने,
(५४) छात्राबास,
(५५) बालबच्चा स्याहार केन्द्र,
(५६) पानी वोरिङ्ग सेवा,
(५७) कङ्क्रीट रेडीमिक्स,
(५८) फोहोरमैला संकलन तथा व्यवस्थापन सेवा,
(५९) स्नुकर,
(६०) भाषा शिक्षण,
(६१) वृद्धाश्रम,
(६२) ♦सर्भिस अपार्टमेन्ट,
(६३) ♦उपकरण मर्मत तथा जडान, प्रविधि तथा आविष्कार केन्द्र, सुविधायुक्त कार्यस्थल,

---

* केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।
♦ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थप।

(६४) ♦विद्युतीय व्यापार (ई-कमर्श), अनलाईन सपिङ्ग व्यवसाय, विद्युतीय माध्यम (अनलाइन वा सफ्टवेयर वा एप्स वा यस्तै अन्य प्रकारको माध्यम) को प्रयोग गरी सर्वसाधारणलाई सेवा उपलब्ध गराउने उद्योग व्यवसाय,

(६५) शोधन वा प्रक्रिया नगन्य रूपमा हुने कट टु लेन्थ सिट, फोटो फिल्म स्टिलिङ्ग, फोटो, पेपर स्टिलिङ्ग, टिस्यु पेपेर स्टिलिङ्ग, बल वियरिङ्ग एसेम्बली तथा बल्क रूपमा तयारी सामान आयात गरी रिप्याकिङ्ग गर्ने जस्ता सेवा व्यवसायहरु,

(६६) ✝<u>राइड शेयरिङ सेवा।</u>

आन्तरिक मामिला तथा कानून मन्त्रालय

---

♦ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थप।

✝ दोस्रो संशोधनद्वारा थप।

## अनुसूची- ९

(दफा १७ सँग सम्बन्धित)

### प्रदेश प्राथमिकता प्राप्त उद्योग

(१) उर्जामूलक उद्योगहरु,

(२) कृषि, पशुपंक्षी तथा वन पैदावारमा आधारित उद्योग,

(३) *पूर्वाधार उद्योग,

(४) निर्यातमूलक उद्योग,

(५) पर्यटन उद्योग,

(६) सर्पदंश उपचार सम्बन्धी उद्योग,

(७) स्वदेशी चुनढुङ्गा प्रयोग गरी क्लिङ्कर तथा सिमेन्ट उत्पादन गर्ने उद्योग, पल्प तथा कागज, चिनी, रासायनिक मल (मिश्रण बाहेक), प्राङ्गारिक मल, धूलो दूध, औषधि उत्पादन, फोहोरमैला तथा खेर गएको वस्तुको प्रशोधन, इन्धन बचत गर्ने उपकरण उत्पादन गर्ने उद्योग, प्रदूषण कम गर्ने उपकरण उत्पादन गर्ने उद्योग र अपांगहरुले प्रयोग गर्ने साधन तथा उपकरण उत्पादन गर्ने उद्योग, कृषि यन्त्र उपकरण तथा औद्योगिक मेसिनरी बनाउने उद्योग, विद्युतबाट चल्ने सवारी साधनहरु उत्पादन गर्ने उद्योग,

(८) यस प्रयोजनका लागि दुर्गम तथा अविकसित क्षेत्र भन्नाले प्रदेशभित्रको जिल्ला, जिल्लाका गाउँपालिका तथा नगरपालिकाका वडालाई प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशित गरी दुर्गम तथा अविकसित क्षेत्र घोषणा गर्न सक्नेछ,

(९) साना तथा घरेलु उद्योग।

---

* दोस्रो संशोधनद्वारा संशोधित।